## मेलौली नगरपालिकाको

# क्षमता विकास योजना

(आ.व.२०७९/८० - २०८२/८३)



**मेलौली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मेलौली, वैतडी**

**सुदूरपश्चिम प्रदेश**

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रादेशिक सुशासन केन्द्र

पुन्ना, डोटी, नेपाल



## मन्तव्य

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) देशका ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहहरुमा नेपालको संविधान २०७२ को मर्म अनुसार सघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न आ.व. २०७६/०७७ बाट ४ वर्षका लागि यो कार्यक्रम संचालन भएको छ। यस सुदूरपश्चिम प्रदेशमा क्षमता विकासको लागि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटीबाट सेवा प्रवाहको ब्यवस्था मिलाई कार्यक्रम संचालन भई रहेको छ।

नेपालमा संघीयताको अभ्यास नयाँ विषय हो । परिवर्तित परिवेशमा तिनै तहका सरकारहरुका विचको समन्वय,सहकार्य र सहअस्तित्ववाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ । यसै सन्दर्भमा संघीयताको सफल ,कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग वलियो बनाउन सकिन्छ। यही वलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले प्रादेशिक सुशासन केन्द्र, डोटीले प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले काम गरि रहेको छ।

आव २०७८।०७९ को यस केन्द्रको वार्षिक कार्यक्रम अनुसार स्थानीयतहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत आवधिक योजना निर्माण, राजश्व सुधार कार्य योजना, क्षमता विकास योजना, लैंगिक समानता तथा सामाजिक समावेसीकरण रणनीति आदि जस्ता कार्यहरुमा गाँउपालिका/नगरपालिकासंगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिदै आएको छ। सोही सन्दर्भमा तहाँ मेलौली नगरपालिकाको क्षमता विकास योजना निर्माणमा यस केन्द्रवाट सहयोग गर्न पाउँदा म व्यक्तिगत तथा प्रादेशिक सुशासन केन्द्रको सम्पूर्ण विज्ञ र कर्मचारीहरुको तर्फवाट खुशी व्यक्त गर्दछु। भविष्यमा पनि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी यस कार्यमा निरन्तर सहयोग र सहकार्य गरि रहने छ।

अन्तमा क्षमता विकास योजना निर्माण कार्यको शुरु देखि नै आवश्यक सहयोग गरि उक्त कार्य सम्पन्न गर्नमा योगदान पुर्याउनु हुने मेलौली नगरपालिकाका नगरप्रमुख, नगर उपप्रमुख एवं सम्पुर्ण नगर कार्यपालिकाका सदस्यहरु तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु। त्यस्तै यस कार्यमा ग्रामीण विकास सेवा केन्द्रमा संलग्न विज्ञ एवं प्राविधिक समूहलाई पनि धन्यवाद दिन चाहन्छु।

पदमराज जोशी
कार्यकारी निर्देशक
प्रादेशिक सुशासन केन्द्र ,पुन्ना, डोटी

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल



## दुई शब्द (नगर प्रमुख)

लोकतन्त्र नेपाली जनताको अथक प्रयासको परिणाम हो । एकात्मक राज्य व्यवस्थाले अंगिकार गर्दै आएको एउटै भाषा, एउटा धर्म तथा एउटै जातजातिको नीतिले नेपाललाई निकै पछि धकेलेको महसुस गरी नेपालमा पटक पटक भएको जनआन्दोलनवाट नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा घोषणा गरिएको हो । नेपालको नयाँ संविधान २०७२ लाई कार्यान्वयन गर्ने क्रममा सम्पन्न स्थानीय तहको पहिलो चरणको निर्वाचनवाट जनताले स्थानीय जनप्रतिनिधिहरुको पाँचवर्षे कार्यकाल समाप्त भई दोश्रो कार्यकालका लागी निर्वाचन सम्पन्न भई कार्यकाल सुरु भई सकेको अवस्था छ । स्थानीय सेवाग्राहीको उच्च जनआकांक्षा, कमजोर संस्थागत प्रवन्ध, सीमित श्रोत साधनवाट जनताहरुलाई सरल, सुलभ तथा पारदशी रुपमा नगरपालिकाले पालिकाले सेवा प्रदान गर्दै आएको छ र यसलाई थप प्रभावकारी वनाउन जरूरी रहेको छ । विकासको गतिलाई अघि वढाउँदै जाँदा नेतृत्वलाई यो महसुस हुनु स्वभाविक हो कि भौतिक विकास मात्र विकास होईन रहेछ । विकासका लागि सवै भन्दा महत्वपूर्ण कुरा भनेको पद्धति, संस्कृति र सहकार्यको वातावरण श्रृजना गर्नु पर्ने रहेछ । मेलौली नगरपालिकाले पनि यस नगरपालिका भित्र पद्धतिको विकास गर्न सकियो भने विकास र समृद्धिको पाटो स्वयँ अगाढि वढ्दो रहेछ भन्ने महसुस हुन जरूरी छ । यिनै विषयहरुलाई मध्यनजर गरी मेलौली नगरपालिकाले विगत ५ वर्षको कार्यकालमा निर्वाचित पदाधिकारिले थुप्रै ऐन नियम कानून तथा नीतिहरू तर्जुमा गरी कार्यपालिका तथा सभावाट पारित भई कार्यान्वयन भई रहेका छन । कर्मचारी र जनप्रतिनिधिलाई नयाँ काम गर्ने ईच्छा शक्तिलाई नतिजामुखि वनाउनका लागि उनीहरुको क्षमता विकास गर्न जरुरी रहेको छ । उनिहरुको क्षमता विकास संगै नगरपालिकाका हरेक शाखाका संस्थागत क्षमता विकास गर्न गर्न सकियो भने वल्ल समग्र नगरपालिकाले निर्धारण गरेको लक्ष हासिल गर्न सकिने अवधारणा अनुरुप यो क्षमता विकास योजना तयार गरिएको हो । यो क्षमता विकास योजना तयार गर्नका लागि अहोरात्र लाग्नु हुने सवै कर्मचारी साथीहरुलाई तथा विज्ञ परामर्श सेवा उपलव्ध गराउनहुने बिज्ञ समुह लाई हार्दिक धन्यवाद दिन चाहान्छु । क्षमता विकास योजनाको मर्म र भावना बमोजिम कार्यसम्पादन गरी सुखी र समृद्ध वनाउनका लागि यहाँहरुको सहयोगको अपेक्षा गरेको छु ।

भीम बहादुर चन्द
नगर प्रमुख

# मेलौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मेलौली, बैतडी
### सुदूरपश्चिम प्रदेश, नेपाल



## दुई शब्द (नगर उपप्रमुख)

नेपालको संविधानको भावना र व्यवस्था अनुसार निर्वाचित स्थानीय सरकारले "जनताको घरदैलोमा सरकार" को मुल मर्म अनुसारका सेवा प्रवाह तथा विकास निर्माणका क्रियाकलापहरूलाई अगाडी बढाउनु पर्ने हुन्छ । हालै निर्वाचित जनप्रतिनिधीहरूले जनताको विकास र समृद्धिको चाहनालाई मूर्तरूप स्थानीय सरकारको दायरामा पर्ने अधिकारलाई मध्यनजर गर्दै यस मेलौली नगरपासलकाले तिन वर्षे क्षमता विकास योजना तयार गरी प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । नेपालमा संघीयताले परिकल्पना गरेको कार्य सम्पन्न गर्न नगरपालिकाले तयार गरेको योजनाले यस नगरपालिकाको वर्तमान क्षमताको अवस्थालाई समेत चित्रित गरी आगामी ३ वर्षमा विकास र सेवा प्रवाहका कार्यक्रमहरूलाई आवश्यकता, सम्भाव्यता, महत्व, उपलब्ध साधन स्रोतको अवस्था आदिलाई मध्यनजर गरी क्षमता विकासका प्राथमिकीकरण गरिएको छ । योजना विकास गर्ने चरणमा यो नगरपालिकाको वर्तमान क्षमताका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र चुनौतीहरूलाई निहिन रूपमा विश्लेषण गरिएको छ । साथै नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा दिगो विकास लक्ष्यले तय गरेका विकास लक्ष्य प्राप्तीलाई प्राथमिकता दिई यो क्षमता विकास योजना तयार पारिएको छ । योजना निर्माण गर्दा मानविय तथा संस्थागत क्षमताका, उद्देश्य, रणनीतिहरू, तार्किक ढाँचा, कार्यक्रम, अपेक्षित उपलब्धी, सूचक तथा प्रमाणिकरणका आधारहरू समेतलाई निक्योल गरिएको छ । मैले यस क्षमता विकास योजनाले हामीसँग उपलब्ध सीमित साधन श्रोतको अधिकतम सदुपयोग गरी नगरपालिकावासीको विकासको चाहनालाई मूर्त रूप दिई अवश्य पनि सहयोग पुर्याउने आशा तथा विश्वास लिएको छु । योजना तयार पार्ने क्रममा अमूल्य सहयोग गर्ने नगरपालिकाका प्रमुख तथा पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका कर्मचारीहरू, शिक्षक, पत्रकार, सामाजिक कार्यकर्ता उद्योगी, व्यवसायी, व्यापारी लगायत नगरवासी सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु । अन्त्यमा यस योजनाले तय गरेका कार्यक्रमहरु शीघ्र तथा प्रभावकारी कार्यान्वयन गरी नगरपालिकाको आर्थिक, शैक्षिक, सामाजिक, लगायत सर्वाङ्गीण विकास गरी दीर्घकालीन समृद्धिको बाटोमा अगाडी बढ्न यो योजना कोशेढुङ्गा सावित होस भन्ने शुभेच्छा समेत प्रकट गर्दछु ।

पार्वती बोहरा विष्ट
नगर उपप्रमुख

# मेलौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल



## दुई शब्द (प्रमुख प्रशासकीय)

भौतिक विकास र मानवीय विकास एउट सिक्काका दुईवटा पाटा रहेछन । जनसहभागिता सहितको विकासलाई दीगो हुने संभावना रहन्छ । कार्यालयमा कार्यरत पदाधिकारी, कर्मचारी, समुदायको अग्रसरता तथा रुचीलाई पनि साथमा राखेर लान सकियो भने वल्ल हाम्रा भौतिक विकासका प्रयासहरु दीर्घकालीन वन्दा रहेछन । नगरपालिकाले कमजोर भूवनावट, जलवायु चक्रमा आएको परिवर्तनको कारणले धेरै खालका मानव निर्मित विपत्तीहरुको सामना गर्दै आएको छ । प्राकृतिक वा मानव निर्मित विपत्तिका कारण नगरपालिका र समुदायले निर्माण गरेका पूर्वाधारका संरचनाहरुलाई दीगो वनाउन निकै ठूलो चुनौति छ । यसरी विकासका नाममा मानव निर्मित विपत्तिहरुलाई कम गर्नका लागि मानविय क्षमतामा नै लगानी वढाउन जरुरी छ । हामी जवसम्म जनताहरुमा सार्वजनिक श्रोत तथा साधनहरु माथिको स्वामित्व वोध श्रृजना गर्न सक्दैनौं तवसम्म विकासलाई दीगो वनाउन सक्दैनौं । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दीगो तथा सन्तुलित विकासको परिकल्पना गरेको छ । विकास त्यति बेला दीगो वन्न सक्छ जति बेला हामीले सवै क्षेत्र, तहतप्कालाई समेटेर योजना वनाउन सक्छौं । हार्डवेयर र सफ्टवेयरका योजनाहरुलाई समेट्दै संगसंगै लान सकियो भने मात्र हाम्रा योजना तथा विकास सन्तुलित वन्न सक्छन । यसै पक्षलाई मध्यनजर गरेर नगरपालिकाको संस्थागत स्वमूल्याङ्कन लेखाजोखा गरि यसमा देखिएका क्षमता विकासको खाडल पहिचान आदि आधारमा नगरपालिकाको क्षमता विकास योजना तयार पारिएको छ । क्षमता विकास योजनाले नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली जस्तै आन्तरिक लेखा परीक्षण शाखा तथा अन्य शाखाहरुको संस्थागत विकासमा जोड दिन्छ । नगरपालिकाको शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक वजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य एवं समन्वयलाई विकासका १० प्रमुख आधारस्तम्भको रुपमा मानी ती क्षेत्रमा पहिचान भएको क्षमताका खाडलहरुलाई क्षमता विकास योजनाको रुपमा अघि वढाइएको छ । यो ३ वर्षे क्षमता विकास योजना वनाउनका लागि सुचना संकलन गर्न अहोरात्र लाग्नु हुने सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु । साथै क्षमता विकास योजनामा भएका क्रियाकलापहरुलाई नगरपालिकाको वार्षिक योजनामा समावेश गरी कार्यक्रमको कार्यान्वयनमा जोड दिनु हुन सवैलाई अनुरोध गर्दछु ।

जगदीश प्रशाद जोशी
प्रमुख प्रसासकिय अधिकृत

# विषयसूची


मन्तव्य ........ i
दुई शब्द (नगर प्रमुख) ........ ii
दुई शब्द (नगर उपप्रमुख) ........ iii
दुई शब्द (प्रमुख प्रशासकीय) ........ iv
विषयसूची ........ v
भाग - १: परिचय ........ 1
१.१ पृष्ठभूमि ........ 1
१.२ उद्देश्यहरू ........ 2
१.३ औचित्य ........ 2
१.४ क्षमता विकास योजना निर्माणका आधारहरू ........ 3
१.५ क्षमता विकास योजना तर्जुमा विधि ........ 3
१.५.१ संस्थागत क्षमता विकास योजना ........ 3
१.५.२ मानव संशाधन विकास योजना ........ 6
१.६ मस्यौदा प्रतिवेदन उपर छलफल ........ 7
१.७ अन्तिम पतिवेदनका तयारी ........ 8
भाग - २: नगरपालिकाको वस्तुगत विवरण ........ 9
२.१ मेलौली नगरपलिकाको परिचय ........ 9
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ........ 9
२.१.३ जनसांख्यिक अवस्था ........ 10
२.२ आर्थिक विकास अवस्था ........ 10
२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ 10
२.२.२ पर्यटन तथा सस्कृति ........ 11
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ 11
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ 11
२.२.५ सहकारी ........ 12
२.३ सामाजिक विकासको अवस्था ........ 12
२.३.१ स्वास्थ्य तथा पोषण ........ 12
२.३.२ शैक्षिक विकास ........ 13
२.३.३ खानेपानी तथा सरसफाइ ........ 13
२.३,४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ 13
२.३.५ युवा, खेलकुद तथा कला ........ 14
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ 14
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ 14
२.४.२ सडक, पुल तथा यातायात ........ 15
२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा ........ 16
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ 16
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ 17
२.५.१ बन तथा जैविक विविधता ........ 17
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ 17

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ..... 19
२.६ सुशासन तथा संस्थागत व्यवस्था ..... 19
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ..... 19
२.६.२ सङ्गठनात्मक विकास ..... 20
भाग - ३: नगरपालिकाका विद्यमान क्षमताको लेखाजोखा ..... 22
३.१ पृष्ठभूमी ..... 22
३.२.१ समष्टिगत विकास व्यवस्थापनका लेखाजोखा तथा विश्लेषण ..... 22
३.२.२ समष्टिगत संगठन व्यवस्थापनको लेखाजोखा तथा विश्लेषण ..... 25
३.२.३ समष्टिगत वित्तिय व्यवस्थापनका लेखाजोखा तथा विश्लेषण ..... 26
३.२.४ समष्टिगत सूचना व्यवस्थापनको लेखाजोखा तथा विश्लेषण ..... 26
३.२.५ सुशासन सम्बन्धी लेखाजोखा तथा विश्लेषण ..... 27
३.३ पालिकाका विद्यमान नेतृत्व तहका क्षमताका लेखाजोखा तथा विश्लेषण ..... 28
३.४ आपूर्तिमा आधारित क्षमता विकासका आवश्यकता विश्लेषण ..... 29
३.५ क्षमता विकाससँग सम्बन्धित श्रोत व्यक्ति र सरोकारवाला पक्षहरूका विश्लेषण ..... 30
३.६ पालिकाका विद्यमान मानव संशाधनका क्षमता लेखाजोखा तथा विश्लेषण ..... 31
भाग - ४: मेलौली नगरपालिकाको क्षमता विकास योजना ..... 32
४.१ क्षमता विकास योजनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू ..... 32
सोच ..... 32
लक्ष्य ..... 32
उद्देश्यहरू ..... 32
समष्टिगत मूल रणनीतिहरू ..... 32
४.२ स्थानीय सरकारका क्षमता विकास योजना (अनुसूची ७) ..... 33
४.३ मानव संसाधन विकास एक परिचय ..... 33
खर्च सारांस ..... 38
भाग ५: क्षमता विकास योजना कार्यान्वयन रणनीति र प्रथम वर्षको योजना ..... 45
५.१ पृष्ठभूमि ..... 45
५.२ उद्देश्य ..... 45
५.३ कार्य क्षेत्र ..... 45
५.४ योजना कार्यान्वयनको रणनीति ..... 46
५.४.१ पालिकाबाट योजनाका समित्व ग्रहणः ..... 46
५.४.२ क्षमता विकास योजना कार्यान्वयनका लागि कायविधि तयारीः ..... 47
५.४.३ बजेट सुनिश्चित गर्नेः ..... 47
५.४.४ निर्वाचत पदाधिकारी लाई अनिवार्य अनुशिक्षणः ..... 47
५.४.५ सम्पर्क व्यक्तिको व्यवस्थाः ..... 47
५.४.६ संस्थागत संरचनामा सुधारः ..... 47
५.४.७ मानव संससाधनका विकासः ..... 47
५.४.८ सेवा बजारहरुमा क्षमता उपयोगको दायरा बिस्तारः ..... 47
५.५ कार्यान्वयनका सिद्धान्तहरु ..... 48
५.५.१ बिभेद शुन्यः ..... 48
५.५.२ पारदर्शिताः ..... 48
५.५.३ समन्वय र सहकार्यः ..... 48
५.५.४ योगदानमा आधारित कार्यक्रमः ..... 48
५.६ कार्यान्वयन तालिका प्रथम वर्ष ..... 48
भाग ६: कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन ..... 44

६.१ कार्यक्रम व्यवस्थापन ........................................................................................44
६.२ योजना कार्यान्वयनका अनुगमन तथा मूल्याङ्कन ..................................................................44
६.२.१ नियमित अनुगमनः ..........................................................................................44
६.२.२ मध्यावधिक समिक्षाः ..........................................................................................45
६.२.३ आयोजना कार्यन्वयन समाप्ति पछिका मूल्याङ्कन : ..................................................45
६.२.४ प्रभाव मूल्याङ्कन : ..........................................................................................45
क्षमता विकास आवश्यकता पहिचानकालागी सन्दर्भ सामाग्री ..................................................46

# भाग - १: परिचय

## १.१ पृष्ठभूमि

सार्वजनिक सेवा प्रवाहको दृष्टिले संघीय राज्य प्रणालीमा नगरपालिका स्थानीय स्तरमा क्रियाशिल स्वायत्त सरकार हो । नेपालका संविधानका अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई निश्चित एकल अधिकारहरू सुम्पेको छ । ती अधिकार क्षेत्र भित्र रहेर निर्वाचित जनपतिनिधिले राज्य संयन्त्रको सहयोगमा स्थानीय नागरिक हरूका घर दैलोमा शासन, विकास तथा सेवा प्रवाह लगायतका समग सेवाहरू प्रदान गरिरहेका छ । सैद्धान्तिक रूपमा पालिकाहरूले स्थानीय जनताद्वारा निर्वाचित पदाधिकारीहरूका निर्णय र निर्देशन बमोजिम सेवा प्रवाह र विकासका कार्यहरू सञ्चालन गर्नुपर्दछ, जसबाट स्थानीय जनताको माग र आवश्यकताहरू सम्बोधन हुने गर्दछन । राज्य संघिय शासन प्रणालीमा प्रवेश गरे पश्चात विकास निर्माण र जनताका दैनिक जनजीवनसँग सम्बन्धित चासोका विषयहरू र समस्याहरू सम्बोधन हुने हिसाबले एउटा उत्साहजनक वातावरण सृजना भएको छ । हाल तीनवटा संघीय ईकाइका निर्वाचित संस्थाका प्रतिनिधिहरू आ-आफ्ना कार्यक्षेत्रमा उपलब्ध श्रोत र साधनका अधिकतम परिचालन गरी जनताका आवश्यकता तथा चाहनाहरूलाई विभिन्न क्षेत्र, समूह तथा वर्गका नागरिकहरूको सहभागितामा पारदर्शी रूपमा विकास निर्माणका कार्यहरूको संचालन, व्यवस्थापन र आवश्यक सेवाहरू प्रदान गर्न अग्रसर र प्रतिबद्ध छन । जनताको प्रतिनिधित्व भएकाले स्थानीय तहहरूले जनतालाई दिने सेवा र विकास कार्यमा प्रभावकारितामा अभिवृद्धि गरी सुशासनको अभ्यासलाइ मूर्तरूप दिन सफल हुन सक्नेछन भन्ने जनमानसमा आशा र भरोसा रहेको छ र संघियताको मर्म पनि यहि नै हो । यसले स्थानीय तहमा लोकतान्त्रिक अभ्यास र पद्धतिको संस्थागत विकास गर्दै जाने आधार समेत खडा गरेको छ । फलस्वरूप स्थानिय तहवाट प्रदान गरिने सेवा र विकास व्यवस्थापनका कार्यहरू पारदर्शी, जवाफदेही, नतिजामुखी तथा मितव्ययी हुने विश्वास संविधानले परिकल्पना गरेको छ । स्थानीय स्तरमा जनसरोकारका सम्पूर्ण विषय र क्षेत्रहरूमा आवश्यक सेवा परिपूर्ति गर्न जिम्मेवारी वहन गरे अनुरूप स्थानीय पालिकाहरूमा सेवा प्रवाहका लागि संस्थागत संरचनामा कार्यरत कर्मचारीहरू र निर्वाचित जन प्रतिनिधिहरू सक्षम हुनु नितान्त आवश्यक छ । यस्तो पृष्ठभूमिमा क्षमता विकास योजनाले महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । स्थानीय निकायमा कार्यरत कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता विकास गर्न, स्थानीय निकायमा रहेका सेवा प्रदायक विषयगत शाखाहरूको कार्य कुशलतामा अभिवृद्धि गर्न र सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न यसको योगदान हुन सक्छ । समग्रमा कुशल प्रशासनिक दक्षता अभिवृद्धि गरी सुशासन कायम गर्न र जनतालाई स्थानीय सरकारको आभास दिलाउन

सहयोग पऱ्याउनु पर्ने भएकोले क्षमता विकास योजना निर्माण जरूरी देखिन्छ। यसै सन्दर्ममा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँ/नगर पालिकाका क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ को ढाँचा बमोजिम मेलौली नगरपालिकाको यो क्षमता विकास योजना तयार पारिएको छ।

### १.२ उद्देश्यहरू

यस क्षमता विकास योजना तयार गर्नुको प्रमुख उद्देश्यमा मेलौली नगरपालिकाका पदाधिकारी र कर्मचारी तथा तिनका साझेदारहरूको सेवा प्रवाहको स्तरमा वृद्धि गर्दै विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन तथा समन्वय र सहकार्य जस्तो विषयहरूसंग सम्बन्धित क्षमता अभिवृद्धि गर्नु हो। यसका विशिष्टिकृत उद्देश्यहरू निम्नानुसार छन:

✓ नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूलाई क्षमता विकास योजनाका महत्वपूर्ण आयामहरूका बारेमा जानकारी गराउने।

✓ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको क्षमता विकास योजना दिग्दर्शन तथा प्रयोग हुने सम्बन्धित फारमहरूका साथै विधि तथा प्रक्रियाहरू प्रयोग गरी सम्बन्धित नगरपालिकाको क्षमता (संस्थागत र मानव श्रोत आवश्यकता) पहिचान गर्ने।

✓ सहभागिता मुलक विधि र पक्रिया प्रयोग गरी ३ वर्षे क्षमता विकास योजना तयार गर्ने।

✓ क्षमता विकास योजनाका प्रभावकारी कार्यान्वयनका लागि कार्यान्वयन रणनीति तथा कार्यविधि तयार गर्न तथा कर्मचारीहरूको व्यक्तिगत क्षमता विकास योजना तयार गन सहजीकरण गर्ने।

### १.३ औचित्य

स्थानीय तहमा बढदो जनआकाँक्षा परिपूर्तिका लागि स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनका उच्चतम सदुपयोग र परिचालन गर्ने जिम्मेवारी बढदै गएको अवस्था छ। यस क्रममा जनतासँग प्रत्यक्ष सरोकार राख्ने पालिका र तिनका साझेदारहरूको क्षमता विकासमा गरेको लगानीले मात्र क्षमता विकासका कार्यहरूलाई प्रणालीगत र गुणात्मक रूपमा अगाडि बढाउन मद्दत मिल्न सक्छ। यसै वास्तविकताको जगमा क्षमता विकास योजना तर्जुमाका आवश्यकता महशुस भएको छ। यसै सर्न्दभमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकालाइ निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारहरूलाई मध्यनजर गर्नु जरुरी छ। उक्त ऐनमा पालिका आफैंले सम्पादन गर्नुपर्ने १७ वटा विभिन्न कार्य क्षेत्रहरू तोकिएका छन। यसैगरी नेपालको संविधानले स्थानीय तहको अधिकार सूचीमा २२ प्रकारका एकल अधिकार र संघ र पदेशसँग मिलेर गर्नुपर्ने १५ प्रकारका साझा

अधिकारहरू तोकेका छ। यसका अतिरिक्त विभिन्न विषयगत निकायहरूका बीचमा समन्वय र सम्बन्ध स्थापना गर्न तथा उचित मार्ग दर्शन र परिचालन मार्फत सेवा प्रवाहको स्तरलाई थप प्रभावकारी बनाउने जिम्मेवारी पनि स्थानीय सरकारका रूपमा पालिकाको काँधमा आएको छ। यसर्थ नियमित रुपमा पालिकाको समग्र क्षमता विकास क्रियाकलापहरू तयार गर्नु औचित्यपूर्ण रहेको छ।

### १.४ क्षमता विकास योजना निर्माणका आधारहरू

यो क्षमता विकास योजना तयार गर्नका लागी निम्न विषयवस्तुलाई आधार मानिएको छ।

- नेपालका संविधानको अनुसूचि ८
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकार
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ का दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६"
- दिगो विकासको लक्ष्य
- संघ तथा प्रदेशबाट प्राप्त मार्ग निर्देशनहरू
- संघिय तथा प्रादेशिक योजनाहरू

### १.५ क्षमता विकास योजना तर्जुमा विधि

दिग्दर्शन अनुसार क्षमता विकास योजनालाइ दुई भागमा विभाजन गरिएकोछ।

१. संस्थागत क्षमता विकास योजना

२. मानव संशाधन क्षमता विकास योजना

यी दुवै प्रकारका योजनालाई समेट्नका लागी योजना तर्जुमा गर्ने क्रममा निम्न विधिहरूको प्रयोग गरिएको छ।

#### १.५.१ संस्थागत क्षमता विकास योजना

नगरपालिकाको सहयोग र समन्वयमा सबै सरोकारवालाहरूलाई समेटी सहभागितात्मक विधि मार्फत संस्थागत क्षमता विकास योजना तयार गरिएको छ। संस्थागत क्षमता विकास योजना तर्जुमाका लागि निम्नानुसारका विधि र तरिकाहरूका अबलम्वन गरिएको छ।

### १.५.१.१ क्षमता विकास योजना तथा नीति तर्जुमा प्रक्रियाबारे अभिमुखीकरण

नगरपालिकाको क्षमता विकास योजना तर्जुमा विषयमा जानकारी गराउनकालागी एक दिने अभिमुखीकरण कार्यक्रम मिति २०७९।०३।२२ मा सञ्चालन गरिएको थियो । जसमा निर्वाचित पदाधिकारीहरू, प्रशासन वा सुशासन समितिका पदाधिकारीहरू तथा अन्य सरोकारवाला पक्षहरू गरि ४२ जनाको सहभागीता रहेको थियो । यस कार्यक्रममा मुख्यत क्षमता विकाससँग सम्बन्धित सिद्धान्त, विधि, प्रक्रिया र महत्वको बारेमा अभिमुखीकरण गरि योजना निर्माणको क्रममा सक्रिय सहभागिता र जिम्मेवारी बहन गरनउनुका साथै उत्तरदायित्व बोध गराई बनेका योजनालाई कार्यान्वयनको समेत सुनिश्चितता हुने गरी अभिमुखिकरण सम्पन्न गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा संलग्न सहभागी र सहजकर्ताका नामावली, क्षमता विकास योजना समन्वय समिती गठनका माइन्युटिङ (संयोजक सहितको नामावलीका साथ) लगायतका सूचनाहरू संकलन गरी अनुसूचीमा राखिएका छ ।

### १.५.१.२ क्षमता विकास समन्वय समिति गठन

नगरपालिकाको क्षमता विकास योजना तर्जुमा प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाका कार्यान्वयनमा सहजीकरण गर्नका लागि नगरपालिकामा एक क्षमता विकास योजना तर्जुमा तथा कार्यान्वयन समिती गठन गरियो । यसरी बनेको समितिले योजनाको निर्माण र कार्यान्यनसँग सम्बन्धित विभिन्न समस्याको समाधान गर्नुका साथै भविष्यका गरिने क्षमता विकाससंग सम्बन्धित सम्पूर्ण कार्यहरूको अनुगमन र मूल्याङकन समेतका जिम्मेवारी लिनेछ । समितिको जिम्मेवारी निम्नानुसारको हुनेछ ।

- संस्थागत तथा मानव संशाधन क्षमता विकास योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू तर्जुमा गरी कार्यपालिका मार्फत पारित गराउने तथा कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने,
- क्षमता विकास योजनालाई आगामी वर्षहरूमा वार्षिक रुपमा अद्यावधिक गर्ने,
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, गराउन र सूचकमा आधारित अनुगमन पद्धतिका विकास गर्ने,
- स्थानीय सरकारको कार्यक्षेत्रभित्र सञ्चालन हुनेक्षमता विकासका कार्यक्रमहरू एव अन्य सहयोगी निकायले गर्ने कार्यहरु सन्चान तथा अनुगमन गर्ने,
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण लगायतका अन्य आवश्यक कार्य गर्न अग्रसर हुने ।

### १.५.१.३ मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताका लेखाजोखा

सर्वप्रथम क्षमता विकास योजना निर्माणको सन्दर्भमा नगरपालिकाको हालको क्षमता बारेमा सुक्ष्म विश्लेषण गरियो । क्षमता विकास योजनाका अभिमुखीकरण सम्पन्न भए पश्चात मात्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको क्षमता विकास सम्बन्धी दिग्दर्शनको अनुसूची २ मा उपलब्ध ढाँचा अनुसारका ५ वटा विषयगत क्षेत्रमा रही सम्बन्धित शाखा/उपशाखा एकाईका प्रमुखहरू र अन्य सरोकारवालाहरूलाइ सहभागी गराई स्वमुल्याङकन विधि मार्फत संस्थागत क्षमता लेखाजोखाका लागि विवरण संकलन गरिएका थियो । संकलित विवरणहरूको विश्लेषणबाट पालिकाका लागि आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासका आवश्यकता पहिचानमा मद्दत मिल्नुका साथै समग्रमा माथि उल्लेखित विभिन्न क्षेत्रहरू र विषयवस्तुहरूका अध्ययन गरी आवश्यकताका पहिचान गुर्नका साथै पहिचान भएका आवश्यकतालाइ योजनामा समावेश गरिएको छ ।

### १.५.१.४ नेतृत्व तहको क्षमता विकास आवश्यकताका लेखाजोखा

नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समितिका संयोजकहरूलाई छुट्टै राखी छलफल गरी अनुसूची ३ मा दिईएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्वमूल्याङकन विधि प्रयोग गरी जानकारी हासिल गरियो । संकलित विवरणहरूका विश्लेषणले नेतृत्व तहले आवश्यकता महसुस गरेका संस्थागत क्षमता विकासका आयामहरूका बारेमा थप जानकारी प्रदान गर्दै क्षमता विकासका योजना तयार गरिएको छ ।

### १.५.१.५ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताका लेखाजोखा

पालिकाका कर्मचारी तथा पदाधिकारीहरूले उचित तरीकाले पहिचान गर्न नसकेका तर कार्यसम्पादनका लागि महत्वपूर्ण कार्य तथा क्रियाकलापहरूको पहिचान आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताका लेखाजोखाको माध्यमबाट गरिको छ । पालिकाबाट हालसम्म हुन नसकेका कार्यहरू तथा नौलो प्रकृतिका जिम्मेवारी वहन गर्ने सन्दर्भमा आवश्यक क्षमताका पहिचान तथा सो सम्बन्धी लेखाजोखाका काम समेत आपूर्तिमा आधारित क्षमता विकास अन्तरगत पर्दछन । यसका साथै नवीनतम प्रविधि एवम राष्ट्रिय तथा प्रादेशिक महत्वका नीति, रणनीति आदि पनि आपूर्तिमा आधारित श्रेणीमा पर्दछन । आपूर्तिमा आधारित क्षमता विकास सम्बन्धी क्रियाकलापहरूका पहिचानका लागि राष्ट्रिय महत्वका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूका अध्ययनका अतिरिक्त स्थलगत सूचना संकलन लगायतका कार्य पर्दछन । स्थलगत सूचना

संकलनका लागि निम्न लिखित विधिहरूलाइ प्रयोगमा ल्याइएको छ :

- कार्य सम्पादन अवस्थाको अवलोकनका साथै सम्पादित कार्यहरूको समीक्षा,
- सेवाग्राही नागरिकहरूका अभिमत, सेवा सन्तुष्टिको मापन
- व्यक्तिगत वा समूहमा अन्तर्वार्ता,
- स्थानीय सरकारका संस्थागत स्वमूल्याङकन (LOCAL INSTITUTION SELF- ASESSMENT (LISA) को नतिजाका गहन अध्ययन विश्लेषण
- क्षमता विकास योजना तर्जुमामा सहजीकरण गर्ने व्यक्तिले आपूर्तिमा आधारित क्षमता विकास क्रियाकलापहरूको पहिचानका लागि प्रयोगमा ल्याउने फारमहरू क्षमता तर्जुमा सम्बन्धी दिग्दर्शन अनुसूची ५ मा दिईएको छ ।

### १.५.१.६ सूचना संकलन तथा विश्लेषण

नगरपालिकाको क्षमता विकास अध्ययन कार्यका लागी सहजकर्ताले स्वमूल्याङकन विधि प्रयोग गरी संकलन गरिएका सूचनाहरू र आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा तथा विश्लेषण गरी नगरपालिकाका अन्तरनिहित पक्षहरू जस्तै (सबल पक्ष (STRENGTH), कमजोर पक्ष (WEAKNESS), अवसर (THREATS) र चुनौती (CHALLENGE) को विश्लेषण पश्चात मात्र क्षमता विकासका लागि गर्नुपर्ने कार्यहरुको सूची तयार गरिएको छ । जस अन्तर्गत क्षमता विकासका विविध आयामहरू जस्तै भौतिक श्रोत साधन, ऐन, नियम, विधि र प्रणाली जनशक्ति व्यवस्थापन र ज्ञान, सीप, तथा दक्षता आदिलाई समावेश गरिएकोछ ।

### १.५.१.७ क्षमता विकाससँग सम्बन्धित श्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान

विभिन्न चरणहरूमा पहिचान गरिएका क्षमता विकासका कार्यहरूमा योगदान दिनसक्ने श्रोत व्यक्ति तथा सरोकारवाला पक्षहरूको पहिचान गरी निजहरूबाट प्राप्त हुन सक्ने सहकार्य तथा गर्न सक्ने कृयाकलावहरुको आँकलन गरिएको छ । श्रोत व्यक्ति तथा सरोकारवालापक्षहरूका पहिचानका लागि प्रयोगमा ल्याउने फारमका ढाँचा दिग्दर्शनका अनुसूची-६ बमोजिम रहेको छ ।

### १.५.२ मानव संशाधन विकास योजना

नगरपालिकाले संस्थागत क्षमता विकास योजनामा पहिचान भएका विद्यमान मानव संशाधनका ज्ञान, सीप र धारणा विकासका लागि समावेश गर्नु पर्ने विषयवस्तु, विधि तथा सहभागीहरूले पहिचान गरेका यस क्षेत्रका

खाडलहरुलाई समाधान गर्नका लागी मानव संशाधन विकास योजना तर्जुमा तय गरिएका छ। मानव संशाधन विकास योजना तर्जुमाका साथै कार्यसम्पादनका चरणहरू देहाय बमोजिम रहेका छन।

### १.५.२.१ मानव संशाधनका क्षमता लेखाजोखा

सर्वप्रथम नगरपालिकामा कार्यरत कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा पहिचान कर्मचारीमा हुनुपर्ने ज्ञान, सीप आदिको अन्तर पहिचान गर्ने कार्य व्यक्तिगत, समूहगत र दुवै प्रकारले गरिएको छ। यस कार्यकालागी दिग्दर्शनको अनुसूची-८ र अनुसूची-९ मा दिएका ढाँचामा बमोजिम प्रस्तुत गरिएकोछ।

### १.५.२.२ मानव संशाधन विकासका आवश्यकता पहिचानः

मानव संशाधनको क्षमता लेखाजोखा पश्चात प्राप्त भएका सूचनाका साथै क्षमता विकास योजना तर्जुमाका क्रममा प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषणका आधारमा मानव संशाधन विकासका लागि गर्न पर्ने कार्यहरूका पहिचान गरि मानव संशाधन विकासका आवश्यकता पहिचानका क्रममा निर्वाचित प्रतिनिधिहरू, समिति/उपसमितिहरू तथा कर्मचारीहरूको क्षमता विकासका लागि गर्नु पर्ने कार्यहरूका बारेमा छुट्टा छुट्टै किसिमले विश्लेशण गरिएको छ। मानव संशाधन विकासका लागि अभिमुखीकरण लगायत आन्तरिक तालिम, बाह्य तालिम, कार्यस्थानमा प्रयोगात्मक तालिम, अवलोकन भ्रमण, कार्य परिवर्तन आदि प्रस्ताव गरिएको छ।

### १.५.२.३ मानव संशाधन विकास योजना तयारीः

प्रस्तावित क्षमता विकास योजना अन्तर्गतका कार्य तथा गतिविधिहरू सञ्चालनका लागि प्राथमिकीकरणका आधारमा आवश्यक बजेट, जिम्मेवारी तथा समयावधी सहित तीन वर्षीय क्षमता विकास योजना तर्जुमा गरिएको छ। यसका लागि दिग्दर्शनको फारमका दिइएका अनुसूची १० अनुसारको ढांचामा छ।

### १.६ मस्यौदा प्रतिवेदन उपर छलफल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेका क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शनमा भएको व्यवस्था अनुसारका विधी, प्रक्रिया, फारम आदिको प्रयोग र सहभागितामुलक विधी (participatory approach) को आधारमा चलाइएका छलफल र अन्तरक्रियाका आधारमा ३ वर्षे क्षमता विकास योजनाका तोकिएका ढाँचामा यो मस्यौदा प्रतिवेदन तयार गरिएको छ र मेलौली नगरपालिकासगकाले छलफलका आधारमा र सरोकारवाला निकायहरूका सुझावको आधारमा आवश्यक परिमार्जन समेत पारित गरेकोछ।

## १.७ अन्तिम पतिवेदनका तयारी

क्षमता विकास योजनाको परिमार्जित प्रतिवेदनलाई नगरपालिका आएका राय सुझाव समेटी, प्राप्त सुझव हरुलाई समेत आवश्यक पृष्ठपोषण लिएर परिमार्जन गरिएको छ । यसरी पृष्ठपोषणका रूपमा प्राप्त राय सुझाव समेत समेटी विज्ञहरूका अनुभव, ज्ञान साथै स्थानीय निकायका नीतिहरू, रणनीतिहरू र वार्षिक कार्यक्रमहरूका समेत अध्ययनका आधारमा प्रतिवेदनको अन्तिम रुप दिइएको छ ।


# भाग - २: नगरपालिकाको वस्तुगत विवरण

## २.१ मेलौली नगरपलिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

नेपाल सरकारको मिति २०७३ फाल्गुन २२ गतेको निर्णय अनुसार प्रारम्भमा साविकका मेलौली, महारुद्र, विशालपुर, दुर्गास्थान (१,२,३,८ र ९ वार्डहरु), सलेना, शिवनाथ(६,७ र ९ वार्डहरु), रोडीदेवल (४,५,६ र ७ वार्डहरु) गा.वि.स. हरु समावेश गरी मेलौली नगरपालिका घोषणा गरिएको हो । नेपालको संविधान २०७२ लागु भए संगै स्थानिय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारकै मिति २०७३ फागुन २७ गतेको राजपत्रमा प्रकाशित सुचना अनुसार मेलौली नगरपालिकाको क्षेत्र विस्तार गरिएको हो । नेपालको संविधान २०७२ अनुसार सुदुरपश्चिम प्रदेश अन्तर्गत पर्ने यो नगर वैतडी जिल्लाका ४ वटा नगरपालिका मध्येको एक हो । वैतडी जिल्लाको दक्षिण पश्चिम भागमा पर्ने यस नगरपालिकाको केन्द्र मेलौली बजार जिल्ला सदमुकाम वैतडीबाट करिब ३५ किलोमिटरको दुरीमा पर्छ ।

नयाँ संरचना अनुसार यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । वि.स २०७८ को प्रारम्भिक जनगरणनाको प्रतिवेदन अनुसार यस नगरपालिकामा ४,६२६ घरधुरी संख्या रहेको छ भने कुल जनसंख्या २१,००० रहेको छ । ११९.४३ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस मेलौली नगरपालिकाको पुर्वमा ८२.६३ पुर्वी देशान्तर देखि ८२.१९ डिग्री पश्चिम सम्म र उत्तरमा २८.०३ डिग्री अक्षांस देखि २७.८३ डिग्री दक्षिण सम्म चुरे पर्वतको वीचमा अवस्थित छ । यो क्षेत्र समुद्रि सत्तहदेखि सरदर १८०० मिटरको उचाईमा छ । यस नगरपालिकाको पुर्व र उत्तरमा पाटन नगरपालिका, पश्चिममा पचेश्वर र शिवनाथ गाउँपालिका तथा दक्षिणमा डडेलधुरा जिल्लाका अजयमेरु र भागेश्वर गाउँपालिका पर्दछन् । यस नगरपालिकाको वडा नम्बर १ मा प्रसिद्ध मेलौली भगवती माताको मन्दिर रहेकोले यस नगरपालिकाको नाम मेलौली राखिएको हो ।




### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

सुदुर पश्चिमको पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले मिश्रित प्रकृतिको भु बनोट रहेको पाइन्छ । पालिकाको किनारी भाग भएर बग्ने सुर्नयन नदीको साथमा अग्ला-अग्ला पहाडका चुलीहरू यहाँका धरातलीय स्वरुपका आकर्षणहरू हुन् । पहाडका काखमा बान्की मिलेर बसेका खेतियोग्य भिराला जमिनहरू पनि देख्न सकिन्छ । ती बाहेक धैरैजसो भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ । अग्ला र भिराला पहाडी श्रृंखलाले बनेको यस नगरपालिकामा भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ । यस क्षेत्रमा मुख्यतया सामान्य भिरालो जमिन र प्राय स्थानमा भिर रहेको छ

। सामान्यतयाः यस क्षेत्रमा चिम्ट्याइलो खालको माटो र कडा खालको चट्टान रहेको देखिन्छ ।

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल- वर्ग कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | जङ्गल | ४५.६५ | ३८.२२ |
| २ | बुट्यान | ८.२० | ६.८७ |
| ३ | घाँसे मैदान | १०.४५ | ८.७४ |
| ४ | खेति योग्य जमिन | ३३.८७ | २८.३५ |
| ५ | अनुत्पादक क्षेत्र | १५.२५ | १२.७७ |
| ६ | नदी, ताल तथा पोखरी | ६.०१ | ५.०३ |
| | **जम्मा** | ११९.४३ | १००.०० |

### २.१.३ जनसांख्यिक अवस्था

एघारौ राष्ट्रिय जनगरणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार मेलौली नगरपालिकाको कुल जनसंख्या २१,००० रहेको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.स. | घरधुरी संख्या | पुरुषको संख्या | महिलाको संख्या | कुल संख्या |
|---|---|---|---|---|
| | ४,६२६ | ९,७३५ | ११,२६५ | २१,००० |

स्रोतः राष्ट्रिय जनगरणना २०७८ प्रारम्भिक प्रतिवेदन

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरुपमा पनि विविधता पाइन्छ । कतै खोंच, कतै लेक, कतै पहाड, कतै छहरा, कतै गल्छी जस्ता अनेकन प्रकृतिको भुभाग पाइन्छ । यहाँको प्राय जसो जमिनको प्रकृति भिरालो किसिमको रहेको छ । भू-उपयोगको अवस्था हेर्ने हो भने २८.३५ प्रतिशत मात्र भू-भाग खेती गरिएको कृषि जमिन रहेको छ । यस नगरपालिका बासीहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । कृषि तर्फ खाध्यन्न बाली, तरकारी तथा अमिलो जातका फलफुल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ भने पशुपंक्षीपालन तर्फ मह, घ्यु तथा मासुजन्य उत्पादन मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ । कृषिको यान्त्रिकरण तथा उन्नत जातका बिउको प्रयोगको थालनी भएसँगै यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

यस नगरपालिकामा जौ, गहुँ, धान, मकै, फापर, कोदो, मार्सी, आलू, सिमी आदि लगायतका बाली रहेको छ । यस क्षेत्र भित्र नगदे बालीका रुपमा आलु, टमाटर, काउली, सिमी जस्ता वालीहरूको उत्पादन हुने गरेको छ । त्यस्तै गरी आरु,आँप ,केरा अमिलो लगायतका फलफुल उत्पादन हुने गरेको छ । साथै, दलहनमा राजमा र भटमास लगायतका बालीहरूको उत्पादन हुने देखिन्छ भने तेलहनमा केही मात्रामा तोरी उत्पादन हुने गरेको छ ।

मेलौली नगरपालिकामा पशुपंक्षी पालन तिर हेर्नेहो भने भैसी गाइ बाख्रा पालन मुख्य हो । भौगोलिक रुपमा धैरै विगत यस मेलौली नगरपालिकामा भैसीहरु पालन पराम्परागत रुपमा बर्षौं देखि नै पालिदै आएको मानिन्छ । सडकको पहुँचबाट विगतमा निकै टाढा रहेको यस मेलौली नगरपालिकामा खच्चर माल समान ढुवानी गर्ने गरिद्न्थ्यो तर अहिले गाडीको सुविधा भइसकेको छ । प्रायले मात्र भैसी पाल्छन भने गाई पनि पाल्ने गरेको पाइन्छ । यहाँको रैथाने गाईका रुपमा रहेको खैला गाई संरक्षणको अभावमा लोप हुने दतरा रहेको छ ।

### २.२.२ पर्यटन तथा सस्कृति

यस नगरपालिकामा पर्यटन क्षेत्रको ठूलो सम्भावना रहेकोछ । ऐतिहासिक र धार्मिक महत्व भएका धैरै स्थानहरू यहाँ रहेका छन् । विषेशगरी, यस क्षेत्रमा भगवती मन्दिर प्रमुख धार्मिक स्थल हो । यस क्षेत्रमा केही समय यता देखि घरेलु पर्यटकको निकै ठुलो तथा वढदो चाप देखिन थालेको छ । मेलौली भगवती मन्दिर, ग्वालेक केदार मन्दिर, समैजी, सदाफल, पोटलासैनी भगवती, गाडदेब केदार धाम, धुनी, महारुद्र धाम, गंगेश्वर मन्दिर शिवकेदार मन्दिर आदि यहाँका प्रमुख धार्मिक पर्यटकीय स्थल हुन । यस क्षेत्रको धार्मिक तथा साँस्कृतिक पर्यटनलाई बढवा दिने पर्यटकीय महत्वलाई प्रवर्द्धन गर्ने देउडा गाँउदै र नाच्दै आफ्नै मौलिकपनले यहाँको संस्कृतिलाई विशेष र छुट्टै पहिचान बनाएको छ भने बैतडेली भाषाको अर्थपुर्ण सहभागितालाई प्राथमिकता दिइएको छ ।

अग्ला पहाड, झरना, फाँटहरू र ढकमक्क गुँरास फुलेको दृश्यावलोकन लगायत स्थानीय कला संस्कृतिको संरक्षण, पर्यटकीय स्थलको स्तरोन्नती प्रकृतिक र सास्कृतिक सम्पदाको संरक्षण गर्न सकेको खण्डमा पयर्टन क्षेत्रमा यस नगरपालिकालाई थप लाभ हासिल हुने देखिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

नगरपालिकाको मुख्य बजारको रुपमा रहेको मेलौली काडाँ, सलेना बाहेक अन्य मुख्य सरसामानका लागि पाटन स्रोत बजारको रुपमा रहेको छ । नगरपालिकामा साना घरेलु उद्योगहरू रहेका छन् । यी उद्योगहरूले स्थानीय उत्पादनलाई नगरपालिका क्षेत्र र पाटन बजार समेत आपूर्ति गर्छन् । त्यस किसिमका साना उद्योगहरूमा डेरी उत्पादन, दाल आदि पर्दछन् ।

धार्मिक तथा सास्कृतिक रुपमा निकै धनि मानिएको यस पालिकामा वसोवास गर्ने अधिकांश मानिसहरु खेतीपाती तथा व्यापार गर्ने गर्दछन । यसका साथै नगरपालिकामा बाख्रा, कुखुरा तथा हासँ पालन कार्य समेत गर्दछन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

मेलौली नगरपालिकाका मानिसहरु जेठ, अषाढ, असौज, कार्तिक र चैत्र महिनामा स्थानीय खेतीपाती, सिजन अनुसारको खर संकलन, जडिबुटी संकलन, भण्डारण तथा बिक्री बितरण ब्यवसायले गर्दा ब्यस्त हुने गर्दछन् । त्यस कारण बाँकी अन्य महिनाहरु केही फुर्सदिला देखिएका कारण विकास निर्माणका गतिविधिहरुमा समुदायको सहभागिता हुने गरेको देखिन्छ । समग्रमा यस नगरपालिकामा पुरुषको भन्दा महिलाहरू स्थानिय रोजगारी देखि आर्यआर्जनका काममा बढी अग्रसर रहेका छन् ।

सिजन अनुसारको काममा बढी ब्यस्त हुने अवस्था तथ्यांक विश्लेषणले देखाउछ (जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना, २०७६)। नगरपालिका भित्र कुल जनसङ्ख्या आधा भन्दा बढी आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको

अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।नगरपालिकाको क्षेत्रका कूल ४६२६ घरपरिवार मध्ये परिवारका कुनै एक सदस्य वैदेशिक रोजगारीमा गएका घरपरिवारको अनुपात करिव १७.२९ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब ५ करोड रूपैया भन्दा बढी विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । जसलाई औषत कमाइको रूपमा हेर्दा प्रति व्यक्ति प्रति महिना ६२५०० हजार रूपैंया हुन आउँछ ।

### २.२.५ सहकारी

यस नगरपालिकामा नियमित संचालनमा रहेका १ वटा सहकारी संस्थाहरू रहेको छन् । मेलौली बासी करिब १८ प्रतिशत परिवारहरू सहकारीमा आवद्ध छन् । ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा सहकारीहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडाबासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन र वडास्तरको धितोबाट आवश्यकता अनुसार सहकारीबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पुँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पुँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको देखिंदैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

नगरपालिका क्षेत्रभित्र सबै स्वास्थ्य संस्थाहरूमा सुरक्षित मातृत्व, पोषण सेवा र परामर्श सेवा उपलब्ध भएपनि ल्याव, एक्सरे तथा एससिटि जस्ता अत्यावश्यक सुविधाहरू उपलब्ध हुन सकेको छैन । आधारभूत स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न नगरपालिका क्षेत्रभित्र एक प्राथमिक स्वास्थ्य केन्द्र १ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य इकाई एवं सेवा केन्द्र, १० वटा बर्थिंग सेन्टर, १ आयूर्वेद औषधालय, ३ वटा निजी क्लिनिक र १८ जना सक्रिय महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् । मुख्य रूपले यस नगरपालिकामा झाडापखाला, रुघाखोकी, ज्वरो, टाईफाईड, ग्यास्ट्रिक तथा निमोनिया लगायतका रोगहरू बढी मात्रामा लागेको देखिन्छ ।

स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई सुत्केरी पोषण प्रोत्साहन शुरुवात गरिएको छ । पछिल्ला दिनमा स्वास्थ्यकर्मीको उपस्थितिमा सुधार भएको छ । स्थायी परिवार नियोजनका लागि हरेक वर्ष स्वास्थ्य संस्थामा शिविर संचालन गर्ने गरिएको छ । स्वास्थ्य व्यवहार परिवर्तनको लागि स्वास्थ्य संस्थास्तरमा अन्तरकृया तथा मधुमेह, रक्तचाप र पिसाव जाँच कार्यक्रम हरेक वर्ष संचालन हुने गरेको छ । विद्यालयस्तरमा जुकाको औषधी तथा भिटामिन ए र स्वास्थ्य शिक्षा कार्यक्रम वर्षमा २ पटक हुने गरेको छ । पाठेघर खस्ने महिलाकोलागि उपचार स्थानीयस्तरमा हुने गरेको छ । नगरपालिकास्तरमा स्वास्थ्य सेवा उपलव्ध गराउन गैर सरकारी संस्थाहरू स्वास्थ्य क्षेत्रमा साझेदारको रुपमा रहेका छन् ।

आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनको लागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । नगरबासीका लागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई

समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, नगर अस्पताल सञ्चालन र स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालनको लागि नगरपालिका स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ ।

**२.३.२ शैक्षिक विकास**

यस नगरपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, र प्रविधिको संरक्षण, प्रवर्द्धन, र विकास गर्न नगर शिक्षा समितिबाट आधारभुत तहको परिक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएको छ । यसैगरी सुचना प्रविधिको प्रयोग गरी कक्षा ८ को परिक्षाफल कार्यालयको वेवसाइट मार्फत प्रकाशन गर्ने गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहबाट वजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिईएको छ । विद्यायलको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको र अनलाईन विधीबाट शैक्षिक सुचना प्रवाह गरी विद्यालय र पालिका विच वैठक सञ्चालनको शुरुवात गर्ने अभ्यास गरिएको छ ।

भोगौलिक रुपमा जिल्लाकै दोस्रो ठुलो तर जनसंख्याको आधारमा सबैभन्दा सानो यस नगरपालिका अन्तर्गत हाल ४५ ओटा सामुदायिक विद्यालय, ४ वटा सामुदायिक बालबिकास केन्द्र र १ वटा क्याम्पस सञ्चालनमा रहेका छन् जसमध्ये कक्षा १-१२ सम्म सञ्चालित १२ वटा , आधारभूत तह ३४ वटा, निजी विद्यालय ३ वटा र ३ वटा सामुदायिक सिकाई  केन्द्र सञ्चालनमा रहेका छन् । यस नगरपालिका भरी जम्मा १०४ जना स्थाई शिक्षक, ८० जना राहात शिक्षक, १४ जना करार शिक्षक, ५३ जना नगर शिक्षक, २५ जना विद्यालयका निजीश श्रोतका शिक्षक, ५३ जना बालविकास केन्द्रका शिक्षक र ३ जना सामुदायिक सिकाई केन्द्रका परिचालक रहेका छन भने ५४ जना नगरपालिका भरीका विद्यालयमा कार्यरत कर्मचारीहरु रहेका छन् ।

यस नगरपालिकामा रहेका अधिकांश विद्यालयहरूमा स्रोत कक्षा, एकीकृत पाठ्यक्रम, इनटरनेट सुविधा जस्ता शैक्षिक गुणस्तर कायम गर्न सघाउ पुर्‍याउने साधनहरू उपलब्ध नभएको देखिन्छ ।विद्यालयहरूमा बालक्लबहरू गठन भएता पनि बालमैत्री शिक्षण विधिको प्रयोग नभएको देखिन्छ । सबै विद्यालयहरूले दलित, अपांग, विपन्न तथा जेहेन्दार जस्ता विभिन्न शिर्षकमा छात्रवृति उपलब्ध गराउदै आएका छन् ।

**२.३.३ खानेपानी तथा सरसफाइ**

नगरपालिका क्षेत्रमा रहेका कूल ४६२६ घरपरिवार मध्ये करीब ४५.५ प्रतिशत घरपरिवारले पाइपको धाराको पानी उपयोग गर्दछन् अन्यले मुल तथा खोला नदिनालाको पानी प्रयोग गर्ने गरेका छन् ।अझैपनि केही घरपरिवारमा पाइपबाट खानेपानीको सुबिधा नपुगेको देखिन्छ । मुहान देखि मुख सम्म सरसफाई कार्यक्रम कार्यान्वयनमा रहेकोछ । नगरपालिका पूर्णरुपमा खुल्ला दिशामूक्त क्षेत्र घोषणा भइसकेको अवस्था भएपनि केही घरधुरीहरूमा शौचालय नभएको देखिन्छ । वडाहरूको फोहरमैला जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत देखिन्छन् ।

**२.३,४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्वोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी

हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । नगरपालिकाले पाँच वर्ष भित्र बालविवाह मुक्त, महिला हिंसामुक्त र शत प्रतिशत महिला साक्षर नगर निर्माणको लागि आवश्यक पहल गरेको छ । महिलामैत्री नगरपालिकाका लागि टोलटोलमा आमा समूह गठन भएका छन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेटने प्रयास भइरहेको छ । लक्षित वर्गका लागि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन् । नगरपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरुपमा गठन हुने गरेका छन् ।

अझैपनि सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई नगरपालिका स्तरीय योजनाले समेट्नेछ । नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानून, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था संचालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । यस नगरपालिका बासी नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति, बाल सुरक्षा अनुदान र दलित वर्गहरू सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका छन् ।

### २.३.५ युवा, खेलकुद तथा कला

करिब ३९ प्रतिशत जनसंख्या यूवा उमेर समुहका छन् । यस नगरपालिकाले युवा जनसक्तिलाई उत्पादन, विकास निर्माण र रोजगारीसँग जोडने नीति लिएको छ भने नगरपालिका तथा वडा तहमा खेलकुद प्रतियोगिताको आयोजना तथा खेलाडी प्रोत्साहन हुने गरेको छ । मेलौली नगरपालिकाका विभिन्न ठाउँहरूमा खेलकुद मैदान रहेका छन् । प्राय खेलकुद मैदानहरू विद्याल भित्र नै रहेका छन् । यस नगरपालिका क्षेत्रभित्र खेलकुद, मनोरञ्जन, पिकनिक लगायतका स्थलहरू रहेको छ । विद्यालय स्तरका खेल मैदानहरू रहेका छन् । नगरपालिका भित्र एक स्थानमा क्रिकेट खेल मैदान रहेको छ

यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । माघे संक्रान्ति, शिवरात्री, दशैं, तिहार, कृष्णजन्माष्टमी, गौरा, पूर्णिमा मेला, भगवती जात्रा, ग्वालेक केदार जात्रा लगायतका चाडपर्व, जात्रा र मेला मनाइने गरिन्छ । विभीन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

मेलौली नगरपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरी लागु गर्न बाँकी रहेको छ । हरेक क्षेत्रको विकास निर्माणलाई योजनावद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी गरिनु पर्दछ । नगरपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानून बनाउने अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणको लागि आवश्यक स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेको छ । आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था तथा बसोबासको लागि उपयुक्त हावापानी

रहेको छ । व्यवस्थित बस्ती विकासकोलागि नगरपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । नगरपालिकाको प्रशासकीय भवन निर्माणाधीन रहेको छ । त्यसैगरी नगरपालिकाका ९ वटा वडामा वडाका आफ्नै कार्यालय भवन रहेको छ ।

पहिरो र कटानले नगरपालिकाका केही क्षेत्र प्रभावित भएका कारण बर्षेनी मानवीय तथा आर्थिक क्षतिको सामना गर्नु परेको छ । भूउपयोग नीति अनुसार बस्ती विकास हुन नसक्दा मेलौली नगरपालिकाका बिभिन्न ठाउँहरूमा मापदण्ड विपरित आवास निर्माण भएका छन् साथै मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नभएकाले अव्यवस्थित भवन निर्माण हुने क्रम रोकिएको छैन । नगरपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको देखिन्छ । एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवम् साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्दा मेलौली नगरपालिकाले सेवाग्राहीलाई शिघ्र सेवा प्रदान गर्न नसकिरहेको अवस्था छ । ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिने तथा निर्माण सामाग्री कम गुणस्तर को प्रयोग गर्ने भएका कारण त्यस्ता ठाउँका भवन जोखिमयुक्त रहेका छन् । सामुहिक आवास तथा एकिकृत बस्ती निर्माणमा जनचासो नहुँदा जोखिममा रहेका घर तथा बस्ती स्थानान्तरणमा समेत चुनौती रहेको छ ।

आवास तथा बस्ति विकासका लागि आवश्यक उच्च प्रविधिहरू प्रयोग तथा दक्ष जन शक्तिहरूको परिपूर्ति गर्नु मेलौली नगरपालिकाको बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका लागि पहिलो प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गरी मेलौली नगरपालिकालाई सुव्यस्थित एवं सुरक्षित पालिका बनाउने प्रसस्त आधार रहेका छन् ।स्थानीय स्रोत र साधनको प्रयोग गरी सुरक्षित घरहरू बनाउन सकिने तथा व्यापक जनसहभागिता स्वयं नगरपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको कारण मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन गर्नु पर्ने देखिन्छ । खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सुरक्षित घडेरी विकास गर्ने तथा उर्वर, खेति योग्य जमीनको संरक्षणमा मेलौली नगरपालिकाको पहल कदमी जरुरी छ । पालिकाका केही ठाउँमा सहरीकरण भए तापनि अन्य स्थानहरुमा हालसम्म शहरीकरण भइनसकेकोले शुरुको अवस्थाबाट नै वैज्ञानिक ढङ्गले शहरीकरणलाई अगाडि बढाउन सकिने अवस्था रहेको छ ।

### २.४.२ सडक, पुल तथा यातायात

नगरपालिकाभित्र रहेको पाटन पचेश्वर खण्डको १७ किलोमिटर सडक यस नगरपालिका भित्र पर्दछ जुन सडक पुर्णरुपमा कालोपत्रे हुने क्रममा छ भने बाकी रहेका सडकहरु कालोपत्रे हुन सकेको छैन । अन्य सबै सडक कच्ची अवस्थामा रहेको छ । यातायात सुविधा निकै कष्टकर रहेको छ । प्राय:जसो ठाउँमा वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा सडक सुचारु गर्न कठिनाई हुने गरेको छ । हालसम्म नगरपालिकालाई सडक सञ्जालले छुन सकेको छैन

सडक विस्तार जथाभावी तरिकाले गरिँदा धेरै स्थानहरूमा खेतीयोग्य जमीनको विनाश हुनका साथै पहिरोको प्रकोप बढ्ने तथा वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ । नगरपालिकाका अधिकांश सडकहरू कच्ची र सम्पूर्ण सडकको स्तरोन्नति गर्न समयमै आवश्यक बजेटको अभाव रहेको छ । आन्तरिक सडक

सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरोन्नति गर्न सके कृषि उत्पादन बजारीकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ । सडक पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनेछ साथै स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग तथा स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने देखिन्छ ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ र यसबाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रिय प्रशारण लाइन पुर्‍याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुर्‍याउन र शहरी क्षेत्रको बढ्दो ऊर्जा भागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मुल प्रवाहमा ल्याउन जरुरी छ । नविकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत सुधारिएको पानि घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो, गोबरग्यास र वायोग्यास आदि रहेको छ ।

मेलौली नगरपालिकाका अधिकांश स्थानमा राष्ट्रिय प्रशारण लाइन मार्फत विद्युतीकरण हुन सकेको छैन जलविद्युत उत्पादनको प्रसस्त सम्भावना भएता पनि यस नगरपालिकामा हाल १ वटा लघु जलविद्युत संचालनमा रहेको र सो लघु जलविद्युतबाट करिब ५१ किलोवाट विद्युत उत्पादन भएको तथ्यांकले देखाएको छ । यस नगरपालिकामा रहेका जम्मा ४६२६ घरधुरीहरुमध्ये करिब ४५ प्रतिशत घरधुरीहरुले उर्जाको स्रोतको लागि नविकरणिय तथा वैकल्पिक उर्जा अन्तर्गत सोलारको प्रयोग गरिराखेको देखिन्छ ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति अहिले सम्म तर्जुमा गरिएको छैन । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

मेलौली नगरपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेता पनि अधिकांश बस्तीमा मोबाइल नेटवर्क ज्यादै कमजोर रहेको छ भने सेवा पहूँच भने करिव ६५ प्रतिशत मात्रै छ । करिब ३२ प्रतिशत परिवार मात्रै इन्टरनेट सेवाको पहूँचमा छन् । हाल स्थानीय प्रशारण हुने एफ.एम संचालनमा नरहेको भएता पनि रेडियो सुन्ने तथा स्याटलाइट टेलिभिजन हेर्न सकिने अवस्था छ । यस पालिकाकामा एक स्थानमा मात्रै मोबाइल टावरहरू रहेको छ जस्ले गर्दा सूचना आदान प्रदानमा केहि सहज भएता पनि प्रायजसो बस्ती अग्ला अग्ला डाँडाको फेदीमा रहेका कारण मुख्य बस्ती क्षेत्रमा नै मोबाइल नेटवर्क

कमजोर रहेको छ । हाल सम्म पनि अप्टिकल फाइबर विस्तार हुन नसक्दा मेलौली नगरपालिकामा इन्टरनेट सुविधा एकदमै कमजोर रहेको छ । अति दुर्गम तथा बिकट भौगोलिक अवस्थितिका कारण सूचना, सञ्चार तथा प्रविधिको विकासमा मेलौली नगरपालिका निकै पछी परेको छ ।छरिएर रहेको बस्ती भएकाले सञ्चारक्षेत्रको विकास र विस्तार गर्न कठिनाई रहेको देखिन्छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ बन तथा जैविक विविधता

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको स्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तब्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रिबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ । नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको सरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ । वन वातावरण र जैविक विविधताको दृष्टिकोणले मेलौली नगरपालिका एक महत्वपुर्ण स्थान मानिन्छ ।

पहाडी क्षेत्रमा रहेका यस नगरपालिकामा सुर्नया नदी, घट्टीगाड, सुनी, सिरोडा, स्याडी खोला किनारमा समाशितोष्ण देखि टुन्ड्रा प्रकृतिको हावापानी भएको वन जंगल फैलिएर रहेको पाइन्छ । यहाँ मुख्य गरी धुपी सल्ला, बाँझ, उतिस, चिलाउने, कटुस, वर, पीपल जातका प्रजातिहरू पाइन्छ । यसैगरी कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा आदि तथा घस्रने जीवहरूमा, हरेउ, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि जातका चराचुरुङ्गीहरू पाइन्छन् । यहाँका जंगलहरू बस्तीदेखि टाढा, अपायक स्थानमा घना र उत्तम छन् भने बस्ती नजिक रहेका वन क्षेत्रहरू विगतमा विनाशको क्रममा रहेतापनि हाल क्रमशः सुधारको क्रममा छन् ।

भूउपयोगको दृष्टिकोणले नदी तथा खोला क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । नगरक्षेत्रमा रहेको विभिन्न नदी, खोला तथा साना खोल्साले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याएका छन् ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिकाले जलाधार व्यवस्थापनलाई जिविकोपार्जनसंग जोडेर जलउपयोग गुरूयोजना तथा जिविकोपार्जन कार्यन्वयन तर्जुमा गरेको छ । यस नगरपालिकाको मूख्य जलाधार क्षेत्र भनेको सुर्नया नदी, घट्टीगाड, सुनी, सिरोडा, स्याडी खोला रहेका छन । स-साना खोलाहरु पनी महाभारत क्षेत्रबाट उत्पन्न भएका हुदा मुख्य खोलाहरुमा पनी पानीको मात्रा प्रयाप्त देखिन्छ । सुर्नया नदी, घट्टीगाड, सुनी, सिरोडा, स्याडी जस्ता स्रोतहरु यस नगरपालिकाको लागि मुख्य स्रोतको रुपमा रहेका छन ।

मेलौली नगरपालिकाको समग्र भू–उपयोगको स्थिति हेर्दा नगरपालिकाको कूल क्षेत्रफल ११९.४३

वर्ग किलोमिटर मध्ये करिब ३८.२२ प्रतिशत हिस्सा वन जंगलले ओगटेको छ । त्यसै गरि ८.७४ प्रतिशत भु-भाग घाँसे मैदान, १२.७७ प्रतिशत बाँझो जमिन, ६.८७ प्रतिशत झाडी क्षेत्र रहेको देखिन्छ भने खेतीयोग्य जमिनको हिस्सा २८.३५ प्रतिशत मात्र रहेको देखिन्छ । भने अन्य वालुवा क्षेत्र, ताल तलैया, र चट्टान क्षेत्र एकदमै कम रहेको देखिन्छ ।जलाधार व्यवस्थापन एवम् संरक्षणका अभावमा सिँचाइ व्यवस्थापन तथा बाढी पहिरो नियन्त्रणमा कठिनाइ छ । स्थानीय खोला खोल्साले खेतियोग्य जमीन कटान गर्ने क्रम बढ्दो छ भने बेमैसमी बाढीका कारण यहाँका स्थानीयबासीले धन-जनको क्षति व्यहोर्नु परेको अवस्था विद्यमान छ ।

**२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन**

नगर क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामीण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावतै छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ ।वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । यसक्षेत्रको खानेपानी, सिँचाइ, र विभीन्न उचाईमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ । तीव्र शहरीकरणबाट वन, र उर्वर भूमि माथि  वढदै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय नगरपालिकाको सामु एक प्रश्नको

रूपमा देखिएको छ ।

कृषि क्षेत्रमा अत्यधिक रसायनिक औषधिको प्रयोगमा न्यूनिकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदुषण बढ्दो रूपमा रहेकोछ । नगरपालिकाका सबै वडाहरूबाट फोहरमैला संकलन गर्न सकिएको छैन । बजार क्षेत्रमा यातायात बढ्दो चापको कारण धूलो धुँवाले प्रदुषण बढेको देखिन्छ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै भूक्षयको समेत समस्या विद्यमान देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

नगर र वडा स्तरीय विपद्व्यवस्थापन समिति गठन भएको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापना प्रक्रिया अगाडि बढेको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्रले गैर सरकारी संस्थाहरू र सरकारी एजेन्सीहरू र अन्य सरोकारवालाहरू सहित नगर स्तरीय प्रकोप सम्बन्धी जानकारीका लागि समन्वय र सञ्चार बिन्दु बनाउने काम अगाडि बढेको छ । विपद्जोखिम न्यूनीकरणका लागि नगरपालिकाको आफ्नै राष्ट्रिय एकीकृत सूचना प्रणाली विकासको कार्यविधि तयार गरी यस मार्फत विपद्का सूचनाहरू एकै ठाउँबाट सबैले जानकारी पाउने व्यवस्था अगाडि बढाइएको छ ।

मेलौली नगरपालिकाको विपद् तथा जलवायुजन्य जोखिम पाश्र्वचित्रमा उल्लेख भए अनुसार नगरपालिकाका केही स्थानका घरधुरी जोखिममा रहेका छन । खोलानालाले वर्षेनी बाटो परिवर्तन गर्ने गरेका कारण नदी किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । नदी कटानका साथै नगरपालिका भित्र पहिरोको जोखिमयुक्त क्षेत्रहरू समेत रहेका छन् । यदाकदा वनजंगल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको छ भने  वनजंगल वरपरका क्षेत्रमा वन्यजन्तुका् कारण वालिनाली तथा धनजनमा क्षती हुने गरेको (बाँदर आदि) देखिन्छ । चट्याङ्गका कारण समेत यदाकदा धनजनको क्षति हुने गरेको छ । विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू-उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाइँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ । विपद्को जोखिमले जग्गा/जमिन बिक्री गर्ने वा भू-उपयोग परिर्वतन गर्ने प्रवृति रोक्नु सकिएको छैन । नगरपालिका स्तरमा  वैज्ञानिक भू-उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसकालागि  शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ  । सुशासनकालागि  संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा

आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, नगरपालिकामा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा नगरपालिकामा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

नगरपालिकामा ५५ सदस्यीय नगर सभा तथा १९ सदस्यीय नगर कार्यपालिकाको व्यवस्था छ । नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, नगर स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन र सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएका छन् । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ । नगरपालिकाले आफ्नो पाँच बर्षे कार्यकालमा जम्मा ४८ वटा ऐन, कानुन, कार्यविधि, मापदण्ड र निर्देशिका तर्जुमा गरी नगरपालिकाको नियमित कार्य सम्पादनलाई व्यवस्थित बनाउने प्रयास गरेकोछ ।

स्थानीय तहको निर्वाचन २०७४ पश्चात निर्वाचित जनप्रतिनिधिको सक्रिय पहलमा संघियता कार्यन्वयनको शुरुआती चरण पूरा भएको छ । कुनै पनि नीति तथा कानून नभएको अवस्थामा नव निर्वाचित प्रतिनिधिहरूको मुख्य जिम्मेवारी नै स्थानीय ऐन, नीति, निर्देशिका तथा कानून निर्माण गरी मेलौलीमा सुशासन कायम गर्नु रहेको थियो । आवश्यक कर्मचारी पदपूर्ति नभएको साथै भएका कर्मचारी पनि नगरपालिकाको कार्य व्यवस्थापनमा अभ्यस्त नभैसकेको अवस्थामा पालिकाका नियमित कार्य संचालनमा समेत चुनौतीको सामना गर्नु परेको थियो । भौतिक पूर्वाधारको अभावले गर्दा शुरुआती बर्षमा कार्य सम्पादनमा ठुलो कठिनाई भएको थियो, जसले गर्दा अधिकांश समय भौतिक पूर्वाधार तथा कार्यालय संचालनका लागि आवश्यक सामाग्री व्यवस्थापन खर्चनु परेको थियो ।

### २.६.२ सङ्गठनात्मक विकास

नगर कार्यपालिकाको प्रमुखको रुपमा मेयर र उपमेयको रुपमा निर्वाचित पदाधिकारी रहने व्यवस्था गरिएको छ । यसैगरी उपमेयरले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ । नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको भएता पनि अधिकृत स्तर मात्र उपलब्ध भएको अवस्था छ । प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगरसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगर सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा र कानून एकाइ रहने व्यवस्था भएको छ । यसै शाखाले नगरपालिकाभित्र रहेका ९ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ । पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य

पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपद्व्यवस्थापन एकाइ रहने व्यवस्था छ ।स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ । यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका निकायहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ । संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस नगरपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगर कार्यपालिका मार्फत नगरपालिकाको कार्य संचालन हुँदै आएको छ । नगरपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् ।

हालसालै स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस नगर कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ। नेपालको संविधानबाट स्थानीय तहको लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा वदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानको लागि विद्यमान जनशक्ति पर्याप्त देखिंदैन । यस सन्दर्भमा सङ्ख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ ।

## भाग - ३: नगरपालिकाका विद्यमान क्षमताको लेखाजोखा

### ३.१ पृष्ठभूमी

यस खण्डमा क्षमता विकास तर्जुमा दिग्दर्शन २०७६ का अनुसूचीहरू २, ३, ५ (क) देखि (घ), ६, ८ र ९ बमोजिमका फारामहरू भरी प्राप्त सूचनाका आधारमा सबल तथा दुर्बल पक्षका अतिरिक्त अवसरहरू र संम्भावना समेतको लेखाजोखा र विश्लेषण गरिएको छ । दिग्दर्शनले निर्दिष्ट गरेको अनुसूचीका आधारमा तोकिएका क्षमता विकासका ६ वटा क्षेत्रहरूमा विकास व्यवस्थापन देखि समन्वय र सहकार्य समेतलाई समेटी विकासका पाँच प्रमुख क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक व्यवस्थापकिय संयन्त्रको बारेमा अध्ययन विश्लेषण गएिको छ। दिग्दर्शनमा उल्लेख गरिएका क्षमता विकासको अनुसूची -२ मा विकास व्यवस्थापन लगायतमा संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन तथा समन्वय र सहकार्य जस्ता विषयहरू को विश्लेषण गरिएको छ।

### ३.२.१ समष्टिगत विकास व्यवस्थापनका लेखाजोखा तथा विश्लेषण

क) विकास व्यवस्थापनका विद्यमान क्षमता लेखाजोखा तथा विश्लेषण गर्दा हाल सम्म नगरपालिकाले योजनाबद्ध विकासको नीति अबलम्बन गरी आर्थिक, सामाजिक, भौतिक, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह तथा सुशासन जस्ता विषयको कार्यान्वयन गर्दै आए तापनि आवधिक विकास योजना तयार भइनसकेका परिस्थितिमा केही अन्योल्ता रहेको देखिन्छ। नगरपालिकाले नगरपालिकामा पर्ने सडकहरूको वर्गीकरण गरी व्यवस्थित वस्ती विकासका लागि छुटटै सडक गुरुयोजना तथा भवन संहिता मापदण्ड बनाई नयाँ नक्सा पास गर्न तथा पुरानाका हकमा अभिलेखीकरण राख्नेपरिपाटीको विकास गर्न सरल र सहज वनाउन खोजिएको छ। भवन संहिता मापदण्ड लागू गरी वस्ती विकासको कार्यलाई नियमन को कार्यले व्यवस्थित वस्ती विकासका अवधारणामा सहयोग पुर्याउने देखिन्छ । हाल सम्ममा नगरपालिकाबाट पारित भएका .... भन्दा धेरैमात्रामा विभिन्न ऐन नियम, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूले समग्र नगरपालिकाको विकास क्षेत्रसंग प्रत्यक्ष रूपमा सरोकार राख्ने कृषि, पशु सेवा, लघु उद्यम, घरेलु तथा साना उद्योग, सहकारी, पर्यटन लगायतका क्षेत्रलाइ व्यवस्थित गर्न खोजेतापनि यसको प्रभावकारी कार्यान्वयनका लागी अनुशिक्षण तथा समयानुकुल परिमार्जन गर्न तथा तथा आवस्यक्ताका आधारमा थप कानूनहरु तयार गरि जारि गर्नुपर्ने देखिन्छ। यसैगरी नगरपालिकाको पर्यटन विकासका लागि सम्भाव्यताको आधारमा पर्यटन पूर्वाधार विकासका लागि उपयुक्त स्थान छनौट गरी विकास गर्ने र धार्मिक तथा पर्यटकीय महत्वका स्थानहरूका प्रवर्धन विकासका लागि आवश्यक व्यवस्था

मिलाउने, ऐतिहासिक पर्यटकीय स्थलहरुको संरक्षण गर्ने, साहासिक खेलको पहिचान, र पर्यटकीय पदमार्ग स्थलहरूमा पूर्वाधार निर्माण गर्न संघ र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीका निरन्तरता, मेलौली भगवती मन्दिरलाई पर्यटकीय क्षेत्र बनाउनँ सन्दर्भमा सरोकारवालाहरूसँग समन्वय र सहकार्य जस्ता नीतिहरू अवलम्वन गर्दै गएको देखिन्छ । ऐन नियमले तोक बमोजिम पेश्की वा भुक्तानी दिँदा रित पुगे नपुगेको सम्बन्धमा पूर्व आन्तरिक लेखा परीक्षण गर्ने तथा आन्तरिक लेखा परीक्षणबाट देखिएका बेरूजुहरूका किताब खडा गरी आर्थिक शाखालाई उपलव्ध गराउन दायित्व समेत आलेपको भएकोले सोका व्यवस्थापनको लागि तर्फ जोड दिने नीति अबलम्बन गर्न आवश्यक रहेका पाईन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शीता र लाभग्राहीको सुरक्षालाई मध्य नजर गर्दै अनिवाय बैंक खाता खोली सोही मार्फत वितरण गर्ने नीतिलाई अवलम्वन गरिएको छ ।

ख. नगरपालिकाले लिएको समावेशी विकास नीतिहरू मध्ये लैङ्गिक विभेदको अन्त्यका लागि चासो राखेको पाईन्छ । सामाजिक विकासलाइ ज्येष्ठ नागरिकका हकमा पालिका क्षेत्र भित्रका ज्येष्ठ नागरिकहरूलाई सम्मान गरेको छ । नगरक्षेत्र भित्र बसोबास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूका तथ्याङ्क अधावधिक गरी संरक्षण गर्न उनीहरूका सिप तथा क्षमता अनुसारका सिप विकासका कार्यक्रमहरू अघि बढाउदै गएको छ । नगरक्षेत्र भित्र रहेका महिलाहरूका सिप विकास मार्फत सशक्तिकरण तथा स्वरोजगारका अवसरका सृजना, नगरक्षेत्र भित्र बसोबास गर्ने दलित तथा जनजाति मध्ये अति विपन्न दलित तथा जनजाती परिवार पहिचान गरी उनीहरूका जीविकोपार्जनको व्यवस्था मिलाइने, पालिकामा रहेका असहाय तथा अपाङ्ग बालबालिकाहरूका संरक्षणका लागि बालबालिका विशेष कोष स्थापना गरी सन्चालन गर्न आवस्यक रहेको छ । सामाजिक विकासका क्षेत्रमा पालिकामा लै.स.सा.स अन्तर्गत महिला, ज्येष्ठ नागरिक, बालबालिकाका हकमा खासै ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू नबनेता पनि अपाङ्ग भएका व्यक्तीका हकमा अपाङ्गगता भएका व्यक्तिका परिचय पत्र वितरण गदै आएको छ । यद्यपि पालिका स्तरमा जनचेतनाका कमी र सामाजिक क्षेत्रमा पर्याप्त मात्रामा बजेट विनियोजन गर्ने परिस्थितिको निर्माण नभइसकेको परिस्थितिले गर्दा समग्र रूपमा समावेशिताका मुद्दाहरूले द्रूत गति पक्रन नसकेको देखिन्छ । समावेशिता भित्र पनि बालबालिकाका र ज्येष्ठ नागरिकका हक हितका क्षेत्रमा व्यापक कार्य हुन बांकी रहेको अवस्था देखिएको छ ।

ग) पालिकाबाट वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी पारित ऐन कानून मध्ये फोहोरमैला व्यवस्थापन कार्यविधि, विपद व्यवस्थापन कोष संचालन कार्यविधि, लगायतका ऐन कानून यस सन्दर्भमा प्रमुख हुन

आउँछन । यस पालिकाले जलवायू परिवर्तन अनुकुलन सम्बन्धी विशेष कार्यक्रमहरू कार्यान्वयनमा नल्याए तापनि विश्वमा बढदै गएको तापमान बृद्धि र त्यसले निम्त्याउन सक्न विपदलाइ ध्यानमा राखी राष्ट्रिय स्तरमा रणनिति तथा योजना मात्र नबनाई तत्कालै स्थानिय स्तरका लागि समेत संवेदनशील भु कार्यक्रमहरू कायान्वयनमा लैजान पर्ने आवश्यकता रहेकोले यसलाइ सामना गर्न एक स्थायी प्रकृतिको संयन्त्र निर्माण गर्नुपर्ने अवस्था देखिन्छ । साथै वन, वातावरण र विपद व्यवस्थापन सम्बन्धि सेवा प्रवाहका लागि पालिकामा छुट्टै ईकाई नभएकाले यथार्थताका बावजूद फोहोर मैलालाई व्यवस्थित गर्दै लैजान पर्ने चुनौति समेतलाइ मध्यनजर गर्दा यस सम्बन्धी एक छुट्टै इकाइ खडा गरी कार्यसुचारू गर्नु पर्ने अवस्था छ । वातावरणका क्षेत्रमा भूक्षय नियन्त्रण एव रोकथामका लागि वायो ईन्जिनियरीङका साथै पहिरो रोकथाममा सहयोग गर्न घाँस तथा विरूवा लगाउन वा वृक्षारोपणमा जोड दिन नीति, पानीका स्रोतहरूका संरक्षण, हिउँदको समयमा सूख्खा हुन नदिन साना खोला , खोल्सिहरू, पानीका मूल एव सिमसार क्षेत्रहरूका संरक्षण गर्न रिचार्ज पोखरीहरूको निर्माणमा जोड दिने नीति, विपद व्यवस्थापन प्रतिकार्य योजना अनुरूप पालिका र वडा स्तरीय आपतकालिन केन्द्रको निर्माण, माद्यमिक विद्यालयका लागि विपदका विरूद्ध सचेतना कार्यक्रम गर्ने लगायतका नीतिहरू लिनु पर्ने आवश्यक देखिन्छ । समग्रमा वातावरणीय क्षेत्र लगायतका क्षेत्रका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने क्रममा पनि धेरै ऐन कानून बन्न बाँकी रहेको र तिनमा समयानुकूल अवश्यक सुधार र परिमार्जन आवश्यक देखिएकोले वातावरण मैत्री योजनाका छनौटका साथै समुदायलाई थप जिम्मेवार बनाई कार्य गर्न जरुरी रहेको देखिन्छ ।

घ) संविधान प्रदत्त अधिकारका उपयोग गर्ने क्रममा राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (संशोधित २०७८) बमोजिम नै वार्षिक नीति तथा कार्यक्रम तय गरेको पाइयो । तर कार्यक्रम तथा वजेट निर्धारण गर्दा व्यापक रुपमा सहभागिता मूलक, जनमूखि र परिणाममुखी नबनाइ स-साना कार्यक्रमहरूलाइ वितरणमुखी र परिणाम विहिन हुने परिस्थिति बाट बाहिर जान नसकेको देखिन्छ । यसका लागी नगरपालिकाका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गर्नका साथै आवाधिक योजना तथा मध्यकालिन खर्च संरचना वनाई त्यसका आधारमा योजना तर्जुमा गर्नुपर्ने देखिन्छ ।

ङ) आर्थिक ऐन मार्फत प्रत्येक वर्ष वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिए तापनि राजस्वका क्षेत्रमा खास सुधार हुन नसकेकाले राजस्व अनुमान तथा वास्तविक आयमा व्यापक फरक देखिन्छ । यसलाई सुधार गर्न राजस्व सुधार योजनाको कार्यान्वयन तथा कर शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न

आवस्यक कार्य गर्नु पर्ने देखिन्छ ।

च) सार्वजनिक भौतिक पूर्वाधारको मर्मत संम्भार संभार जस्तै सडक, पुल, सिँचाइ कूलो, खानेपानी प्रणाली आदिमा बढी केन्द्रित भइ समग क्षेत्रको मर्मत संम्भार गर्न कोष व्यवस्थापन नभएकोले यसलाइ व्यस्थित गर्न कोष निर्माण गरि कार्यविधी वनाएर कार्य गर्नुपर्ने देर्खिन्छ । खासगरी निर्माण सम्पन्न भइसकेका पूर्वाधारहरूको दीगोव्यवस्थापन का लागि यो कार्य गर्न जरुरी हुने देखिन्छ ।

छ) नगरपालिकाले कार्यक्रम तथा योजनाहरूमा गरिएको अनुगमन तथा मूल्याङकनका समीक्षा गर्दा प्राय जसो स-साना योजना तथा कार्यक्रमहरू जनशक्तिका व्यापक अभाव र अनुगमनका क्रममा देखिएका कमजोरी स्वरूप प्रभावित देखिए तर बृहत आकारका आयोजनाहरूमा तुलनात्मक रुपमा अनुगमन तथा मूल्याङ्कनले नियमितता पाएको देखिन्छ । ठूला योजनाका अनुगमन र मुल्याङ्कनका लागि ल्याब टेस्ट सहितको परिपाटीको व्यवस्थापन गर्न भौतिक सामग्रीको व्यवस्थापनका साथै आवश्यक तालिम प्रशिक्षण समेतको व्यवस्था गर्नु पर्ने अवस्था देखियो । अनुगमन प्रणालीलाइ सुधार गर्न अनुगमन कार्यविधी तयार गरि अनुगमन समितीको क्षमता विकास गरि कार्य गर्नु पर्ने देखिन्छ । यस्ले नगरपालिकालाई मात्र नभएर समग्र जिल्लालाई नै लाभ हुने तथा नगरपालिकाको आयश्रोत पनि हुन सक्दछ ।

### ३.२.२ समष्टिगत संगठन व्यवस्थापनको लेखाजोखा तथा विश्लेषण

क) नगरपालिकाले संगठन तथा व्यवस्थापन सम्बन्धी छुटटै सर्वेक्षण र अध्ययन गरी स्थानीय तहको संगठन ढाँचा र दरबन्दी तेरिज अनुसारका संगठन संरचना र सोहि अनुसारको कार्य विभाजन गरेको देखिँदैन । यसकालागी तत्काल अध्ययन गरि सोहि अनुसार कर्मचारी व्यवस्थापन गरि कार्य गर्नुपर्ने देखिन्छ ।

ख) नगरपालिकामा नियमित रुपमा हुने कृयाकलापहरूलाइ प्रभावकारी रूपमा कार्यान्वयन गर्न आन्तरीक सञ्चारका लागि इन्टरनेट मार्फत इ-मेल, पत्राचार, आन्तरीक चलानी आदिका अभ्यास हुने गरेतापनि सूचना सञ्चारलाई थप प्रभावकारी तुल्याउन उच्च गतिको इन्टरनेट सुविधा र नेटवर्किङ लगायतका नयाँ प्रविधिका उपयोगको उचित प्रबन्ध गर्नुपर्ने अवस्था देखियो । वडा कार्यालय, विधालय र स्वास्थ्य केन्द्रमा इन्टरनेट सुविधाको विस्तार गर्न आवस्यक देखिन्छ ।

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिमका आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धि छुट्टै व्यवस्था नगरेको भएता पनि नगरपालिकाले कर्मचारीका आचार संहिता र शाखागत रुपमा कार्यविवरण तयार गरी लागु गरिएको पाईयो ।

घ) निजामति सेवा ऐन २०४९ तथा नियमावली २०५० बमोजिम कार्य सम्पादन मूल्याङ्कन फारम भरी वार्षिक

र अर्ध वार्षिक रुपमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने कार्यलाई निरन्तरता दिएको पाईयो । निजामति बाहेकका अन्य करार वा ज्यालादारीका कर्मचारीहरूको हकमा छुटटैकार्य सम्पादन मूल्याङ्कन हुनेगरेको दखिदैन यसकालागी थप कार्यविधीको को व्यवस्था गरि कार्यान्वयन गर्न आवस्यक रहेको छ ।

### ३.२.३ समष्टिगत वित्तिय व्यवस्थापनका लेखाजोखा तथा विश्लेषण

क) चालु आर्थिक वर्ष २०७८।०७९ मा ५४ लाख राजश्व संकलन हुने अनुमान गरेता पनी ६० प्रतिशत पनि लक्ष हासिल गर्न सकिएको छैन । असार १० सम्ममा २९ लाखमात्र संकलन भएको देखिन्छ । त्यस्तै असार १० सम्मको तथ्याङकलाई आधार वनाई हेर्दा ७६ प्रतिशत चालु र ८३ प्रतिशत पूजिगत खर्च भएको देखिन्छ । यसले के देखाउछ भने समयमा योजना वनाएर खर्च गर्न नगरपालिकाले सकेको छैन ।

**ख) खरीद प्रणाली** : यस पालिकाले सार्वजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ बमोजिम खरीद प्रकृया संचालन गर्ने गरे तापनि सम्बन्धीत खरीद प्रकृयबब१ाका बारेमा पर्याप्त जानकारी नहुनु, प्रकृया झन्जटिलो हुनु, सूचना प्रविधिको प्रयोग सहज नहुनु, खरीद गुरुयोजना निर्माण नहुनु जस्ता कारणले सार्वजनिक खरिद प्रकृयालाई थप सरल, सहज र वैज्ञानिक बनाउनु पर्ने आवश्यकता देखियो । यसका लागी सम्बन्धित शाखाको क्षमता विकास तथा वार्षिक खरिद योजना तयार गरि कार्य गर्नुपर्ने देखिन्छ ।

ग) नगरपाकिलाले अचल सम्पत्तिहरू मध्ये दैनिक प्रयोगमा आउन औजार तथा अन्य कार्यालय प्रयोजनका सामाग्रीहरू जिन्सी शाखाबाट व्यवस्थापन गर्ने गरिएको पाईयो यद्यपी सम्पुर्ण सम्पत्तिको वैज्ञानीक र प्रविधिमा आधारित अभिलेख प्रणाली निर्माण गरी सुव्यवस्थित गर्नुपर्ने साथै नगरपालिकाका अधिकार भित्र पर्ने सार्वजनिक जग्गाहरूका अद्यावधिक विवरण राखी अभिलेख तयार गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागी नापी कार्यालय संग समन्वय गरि कार्य गर्नु पर्ने देखिन्छ ।

घ) नगरपालिका अन्तर्गतका शाखाहरूमा समग्र अभिलेख व्यवस्थापन शाखा र स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्नु पर्ने देखिन्छ ।

### ३.२.४ समष्टिगत सूचना व्यवस्थापनको लेखाजोखा तथा विश्लेषण

नगरपालिकाद्धारा सम्पादन हुने सबै प्रकारका विकास तथा विकास प्रशासनसँग सम्बन्धीत कृयाकलापहरूको अभिलेख व्यवस्थापन संस्थागत क्षमता विकासका लागि एक अभिन्न अंग भएको तर हाल सम्म नगरपालिकाले अभिलेख व्यवस्थापनमा समेत परम्परागत शैलीमा कार्य गर्दै आइरहेकोले सूचना प्रविधिका विकास र अभिलेख प्रणालीको चुस्तता र सुरक्षालाइ मध्यनजर गरी सो सम्बन्धी पूर्वाधार, कर्मचारी र आवश्यक तालिमका अपरिहार्य

आवश्यकता देखिन्छ । SUTRA, PAMS, EMIS. HMIS को प्रयोगको सुरुवात भए तापनि प्रभावकारी हुन नसकेको, Cloud Data व्यवस्थापनलाइ प्रभावकारी बनाउन नसकिएको, Website लाई पूण रुपमा प्रयोगकता मैत्री बनाउन नसकिएको अवस्था रहेका छ । नगरपालिकाका अभिलेख संचालन तथा व्यवस्थापन गर्नका लागी उच्च गतिको इन्टरनेट र दक्ष कर्मचारीको व्यवस्था गरी प्रविधिजन्य तालिमको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

### ३.२.५ सुशासन सम्बन्धी लेखाजोखा तथा विश्लेषण

क) स्थानीय तहमा अधिकारका विकेन्द्रिकरण र विनियोजन गरी आम सर्वसाधारणका पहुँचमा राज्यका सेवा तथा सुविधा पुर्याउन पर्ने जिम्मेवारी अभ्यासमा रहेको विद्यमान संघिय शासनपणाली भए तापनि यस बारेमा ज्ञान, चेतना तथा प्रशिक्षणका कमी देखिएको छ । यद्यपी विगतका तुलनामा सामाजिक समावेशीकरणका मान्यताहरूलाई आत्मसाथ गर्दै जानेवातावरण बन्दै जानुका साथैसमाज, सरकार र कर्मचारी प्रशासनको मनोविज्ञान समेत तयार हुँदै गएको तथ्यले नगरपालिकाले केही सकारात्मकताका सन्देश दिन खोजेको देखिन्छ ।

ख) विकास व्यवस्थापनका हकमा विधमान ऐन नियम र पद्दतिले व्यवस्था गरे अनरुप पारदर्शिता तर्फ उन्मुख देखिए तापनि ऐन, नियम र पद्दतिको बारे स्थानिय स्तरमा ज्ञानको कमी विकासका कार्यक्रम तथा योजनाहरूलाइ पारदर्शी ढंगबाट लैजान प्रशस्त चुनौतिहरू देखिएका छन ।

ग) जवाफदेहिताका केहि कार्यहरु सुरुभएतापनि मात्र औपचारिकतामा सिमित देखियो । यसको प्रभावकारीताका लागी प्रशिणको अभावले गर्दा प्रभावकारी नभएको देखिन्छ । यसकालागी नगरपालिकाले उचित कार्य गर्न आवस्यक देखिन्छ ।

### ३.२.६ समष्टिगत समन्वय र सहकार्यको लेखाजोखा तथा विश्लेषण

क) तिनै तहका सरकारहरूबीच आपसी समन्वय र सहकार्य मार्फत विकास व्यवस्थापनलाई चुस्त बनाउने उद्देश्यले संघिय शासन प्रणाली अबलम्बन गरिएता पनि यो एक नविन अभ्यास भएकोले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य परिपक्व तथा दरिलो सावित हुन सकेका देखिंदैन । आपसी सञ्चार र समन्वयका क्षेत्रमा केही समस्या देखिनुका साथै अधिकार क्षेत्र समेतलाइ लिएर एक आपसका बुझाइमा कमी रहेको देखिन्छ यसकालागी प्रदेश तथा संघको भुमिका महत्वपुर्ण देखिन्छ ।

ख) तिनै तहका सरकारका अधिकार र दायित्व क्षेत्र भित्र पर्ने कार्यक्रम र परियोजनाहरू कार्यान्वयन गर्न एक अर्काको बीचमा समन्वय र सहकार्य हुनुपर्नेमा अधिकार र दायित्व बिच तादाम्यता नदेखिएकोले परियोजना सम्पन्न गर्न समन्वय र सहकार्य तर्फ नीतिगत, कानूनी र व्यवहारीक कठिनाइ हुने गरेको देखिन्छ ।

ग) नगरपालिकामा कार्यरत गै.स.स., निजि संस्था, समुदायमा आधारित संस्थाहरूका अभिलेखीकरण गरेर राख्ने परम्परा नदेखिएकोले व्यवस्थित रूपमा राख्ने परिपाटीको विकास गर्नु तथा अनुगमन तथा प्रतिवेदन प्रणाली लाई नियमित गर्न आवस्यक देखिन्छ ।

घ) छिमेकी पालिकाहरूसँग नगरपालिकाको सम्बन्ध राम्रो रहेको पाइए तापनि विकास व्यवस्थापन अन्तर्गत सहकार्यका लागि सिप र प्रविधि सम्बन्धी ज्ञानका अनुभव साटने परम्पराका थालनी गर्नुपर्ने आवश्यकता देखिएका छ ।

ङ) पालिकाको समग्र विकास व्यवस्थापनमा अन्तर शाखा समन्वय र सहकार्यलाई एक अपरिहार्य शर्तका रूपमा बुझ्नु पर्ने भएकोले यस सन्दर्भमा पालिकाको अवस्था सामान्य रहेको पाइयो । यद्यपी यस प्रकारको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउन सहकार्यका अन्य विस्तृत क्षेत्रहरू समेतको पहिचान गरी निरन्तर समन्वय र सहकार्यको वातावरण निर्माण गर्न आवश्यक छलफल र अन्तरक्रियाको परिपाटी जरूरी हुनुका साथै यस सम्बन्धी कार्यविधि बनाई लागुगर्नुपर्ने आवश्यकता देखिन्छ । लेखाजोखा सम्बन्धी विस्तत विवरण क्षमता विकास योजना २०७६ दिग्दर्शनको अनुसूची २ अनुसार उल्लेख गरीएको छ ।

### ३.३ पालिकाका विद्यमान नेतृत्व तहका क्षमताका लेखाजोखा तथा विश्लेषण

- स्थानीय सभा व्यवस्थापनको क्रियाकलाप विगतका वर्षहरूमा प्रभावकारी हुन नसकेता पनि हाल नियमित हुने गरेको तर आवश्यक भौतिक पूर्वाधारहरू पर्याप्त हुन नसकेको ।
- नवनिर्वाचित पदाधिकारीहरूलाई कार्यपालिको अधिकार क्षेत्र तथा सन्चालन प्रकृयाका वारेमा आवश्यक अभिमुखिकरण गर्न नसकिएकोले यसकालागी तत्काल कार्य गर्न आवस्यक देखिन्छ ।
- नगर यातायात गुरू योजना तयार भए पनि कायान्वयनमा राम्ररी आउन नसकेको र भवन संहीता मापदण्ड पनि कार्यन्वयनमाा पुर्ण रुपमा आउन नसकेको।
- नगरपालिकालाई तत्कालै आवश्यक केही ऐन तथा कानूनहरू निर्माण भए तापनि मर्मत संभार व्यवस्थापन, लगायतका धेरै कानूनहरू निर्माण भइ नसकेका अवस्थामा कार्यान्वयनमा प्रशस्त चुनौती रहेको ।
- नगरपालिकाका विद्यमान संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएकोले दरवन्दि यकिन गर्न नसकेको ।
- सम्पूर्ण वडा कार्यालयहरूमा भौतिक पूर्वाधार सहित भवन नभएकोले स्थानीय स्तरको सेवा प्रवाह प्रभावित भएको । कर्मचारी अभावका कारण वडा कार्यालयका प्रदान गरिने सेवाहरु प्रभावकारी हुन

नसकेको ।

- न्यायिक समितिका दायित्व र जिम्मेवारी गहन भए तापनि हाल नयाँ आएका पदाधिकारी लाई प्रशिक्षण दिएर कार्य गर्नु पर्ने ।
- दक्ष प्राविधिकका कमी, सिमित श्रोत साधन परिचालन मार्फत गुणस्तरीय पूर्वाधारको विकास गर्न चुनौती भएको ।
- विकास व्यवस्थापनलाई सशक्त र परिणाममुखी बनाउन स्थानीय सरकारलाई सजग र सकृय बनाउन तथा स्थानीय समिति र उपभोक्ता लाई पर्याप्त ज्ञानको अभाव रहेको ।
- स्थानीय नेतृत्व तहलाइ निर्णय प्रकृयामा सामाजिक रुपमा समावेशिता कायम गर्न चुनौती रहेको ।
- गुनासो सुन्ने प्रणाली परम्परागत भएकोले प्रभावकारी नभएको ।
- सुचना प्रणालिलाइ व्यवस्थित गर्न नसकिएको ।
- अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीको अभ्यास भएतापनि प्रभावकारी नभएको ।

### ३.४ आपूर्तिमा आधारित क्षमता विकासका आवश्यकता विश्लेषण

यस खण्डमा नेपालको संविधानका अनुसूची ८ अन्तर्गतका स्थानीय सरकारका अधिकार क्षेत्रका साथै अनुसूची ९ अर्न्तगतका साझा अधिकारका प्रयोगको एकल अधिकारका विद्यमान अवस्थाका बारेमा विश्लेषण गरिएका छ भने दोस्रोमा स्थानीय तहलाइ आवश्यक ऐन, नियम, कार्यविधि र विद्यमान प्रणालीका बारेमा लेखाजोखा गरिएको छ ।

क) **एकल अधिकार उपयोग अवस्थाः** पालिकालाई प्राप्त एकल अधिकारहरू मध्ये अधिकांश अधिकारहरूका उपयोग भएको पाइए तापनि हाल सम्म संघिय आदेस तथा क्षमता तथा पुर्वाधारका अभावले जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण, बेरोजगारका तथ्याङ्क लगायत कतिपय अधिकारहरु उपयोग नभएको र कतिपय अवस्थामा जनशक्ति समेतका कमी रहेकोअवस्था देखियो ।

ख) **साझा अधिकार उपयोग अवस्थाः** सुकुम्बासी व्यवस्थापन, सवारी साधन अनुमति, भूमि यवस्थापन, सुकुम्बासी व्यवस्थापन, सवारी साधन अनुमति सम्बन्धी लगायतका अधिकारहरूको उपयोग हुन बाँकी नै देखियो ।

ग) **ऐन, नियम, विधि र प्रणालीको** : यस बिषयमा विश्लेषण गर्दा माथि उल्लेखित अधिकारहरूको उपयोगका लागि नगरपालिकाले २०७८ असाढ सम्ममा लगभग .... भन्दा बढी ऐन तथा कार्यविधी पारित गरि

सकेतापनि अझ धेरै नियम, कानून बनाइ कार्यान्वनको पाटो सुदृढ गर्नु पर्ने साथै कतिपयका हकमा परिमार्जन समेतको आवश्यकता रहेको देखिन्छ ।

घ) **कर्मचारी तथा पूर्वाधारका अवस्था विश्लेषण**: नगर कार्यपालिका अन्तरगत कर्मचारीको अभिलेख हेर्दा .... जना स्थायी र ... जना करारका कर्मचारी रहेको पाइन्छ । हाल सम्म नगरपालिकाले संगठन सर्वेक्षण नगरेकोलेके कती आवश्यक पर्ने हो भन्ने यकिन गर्न सकिएको छैन भने नगरपालिकाको संस्थागत पूर्वाधार तर्फ दृष्टिगत गर्दा पुर्वाधारको अभाव देखिन्छ । नगरपालिकाका ९ वटा वडा मध्येमा ... वटाको मात्र आफ्नो भवन छ भने नगरपालिकाको प्रसासकिय भवन निर्माणाधिन अवस्थामा रहेको छ ।

ङ) **नयाँ अवधारणा, नीति तथा सूचना प्रविधिका उपयोगको अवस्था** : स्थानीय स्तरमा राजश्व बृद्धि गर्न आवश्यक राजश्व सुधार योजना तथा प्रक्षेपण गर्न पर्ने आवश्यकता रहेकामा आवधिक र रणनितिक योजनाहरू पर्याप्त नबनेको र बनेका योजनाहरू प्रभावकारी कार्यान्वयन हुन नसकेको र समृद्धीका मुख्य सम्वाहककहरू जस्तै कृषि, वन, पर्यटन जस्ता विषयगत क्षेत्रलाई समेटेर छुटटै गुरुयोजनाहरू वनाउनु पर्ने आवस्यक्ता देखिन्छ

च) लैङ्गिक तथा सामाजिक समावेशिकरणका लागि कानूनी र नीतिगत आधारहरू तयार भएता पनि त्यसको कार्यान्वयन पक्ष कमजोर देखिन्छ ।

छ) जलवायू परिवर्तन तथा अन्य कारणलेआइपर्ने ठूला विपद र महाभारी पश्चातको उत्थानशीलता विकास गर्न का लागी आव्स्यक योजना नभएको देखिन्छ । नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागी राम्रो प्रयास गरेता पनि यो पर्याप्त देखिदैन । यसकालागी समयमानै फोहोर फाल्नु मात्र नभएर प्रसोधनको व्यवस्था गर्नतिर जानु पर्ने देखिन्छ ।

### ३.५ क्षमता विकाससँग सम्बन्धित श्रोत व्यक्ति र सरोकारवाला पक्षहरूका विश्लेषण

नगरपालिकाका क्षमताविकास योजनानिर्माणका दौरानमा सम्पूर्ण विकास साझेदार हरूको पहिचान (Mapping) गरिएको थियो । सामान्यता संघिय र प्रदेश सरकारका विभिन्न निकाय लगायत अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू, सामाजिक संघ संस्थाहरू, सामुदायिक वन, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, धार्मिक संघ संस्थाहरू, आमा समूह, महिला समूह, सहकारी, विभिन्न क्लब, छिमेकीपालिकाहरू, र व्यक्तिगत सहयोग गर्ने व्यक्तिहरू यस अन्तर्गत पर्दछन । यस सम्बन्धी विस्तृत विवरण क्षमताविकास योजना दिग्दर्शन २०७६ सँग सम्बन्धित अनुसूचीमा राखिएको छ ।

## ३.६ पालिकाका विद्यमान मानव संशाधनका क्षमता लेखाजोखा तथा विश्लेषण

नगरपालिकामा प्राविधिक शाखा तर्फ ईन्जिनियर लगायतका प्राविधिक कमचारी कार्यरत पाईए पनि अमिन, मेकानिकल प्राविधिक र इलेक्ट्रिसियनको आवश्यकता देखियो । वडा कार्यालय तर्फका सबै वडामा वडामा आवश्यकता अनुसार कर्मचारीको पदपुर्ती भएको देखिदैन। न्यायिक कार्य सम्पादनका लागि सो सम्बन्धि दक्ष जनशक्ति आवश्यक देखिन्छ। यस नगरपालिकामा विद्यमान शाखाहरूमा मानवीय संशाधनको लेखा जोखा गर्दा प्राविधिक विकास शाखा, राजस्व शाखा, शिक्षा र स्वास्थ्य शाखाको लागि दक्ष जनशक्तिका अभाव र फोहर मैला व्यवस्थापन सम्बन्धी क्रियाकलापका लागि पनि जनशक्ति आवश्यक देखिन्छ। यसैगरी प्राविधिक शाखामा इलेक्ट्रीकल वा मेकानिकल टेक्नीसियनको दरबन्दी, राजस्व शाखामा राजस्व प्रक्षेपण गर्न सक्ने क्षमतावान कर्मचारी, वातावरण सम्बन्धी क्रियाकलाप सम्पादन गन वातावरण विषयमा ज्ञान भएको जनशक्तिका आवश्यकता देखिन्छ ।

# भाग - ४: मेलौली नगरपालिकाको क्षमता विकास योजना

## ४.१ क्षमता विकास योजनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू

**सोच**

यस योजनाका मूल सोच संस्थागत विकास तथा मानविय संशाधन विकासमा जोड दिइ पालिका मार्फत हुने सेवा प्रवाहलाइ चुस्त र दुरुस्त बनाउन सहयोग पुर्‍याउन हो ।

**लक्ष्य**

यस योजनाका लक्ष्यनै पालिका र यिनका सहयोगी निकायहरूको संस्थागत तथा मानाव संशाधन क्षमता अभिवृद्धि गरेर पालिकावाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउनु हो ।

**उद्देश्यहरू**

- पालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूलाइ क्षमता विकास योजनाका महत्वपूर्ण आयामहरूका बारेमा जानकारी गराउने ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको क्षमता विकास योजना दिग्दर्शन तथा प्रयोग हुने सम्बन्धित फारमहरूका साथैविधि तथा प्रक्रियाहरू प्रयोग गरी सम्बन्धित पालिकाहरूको क्षमता (संस्थागत र मानव श्रोत आवश्यकता) पहिचान गर्ने ।
- सोही दिग्दर्शनमा दिईएका फारमहरू प्रयोग गरी सहभागितामुलक विधि र पक्रिया प्रयोग गरी ३ वर्षे क्षमता विकास योजना तयार गर्ने ।
- क्षमता विकास योजनाका प्रभावकारी कार्यान्वयनका लागि कार्यान्वयन रणनीति तथा कार्यविधि तयार गर्न तथा कर्मचारीहरूको व्यक्तिगत क्षमता विकास योजना तयार गन सहजीकरण गर्ने ।

**समष्टिगत मूल रणनीतिहरू**

- जनप्रतिनिधि र कर्मचारीहरूको वृति विकास, तथा कार्यक्षमता विकास गर्न नियमित तालिम, अभिमुखिकरण साथै नतिजामा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास गर्ने ।
- योजनाबद्ध विकास अवधारणालाई मूर्त रुप प्रदान गर्ने ।
- मानव संसाधन, विकासलाइ उच्च प्राथमिकता दिदै स्वचालित संस्थागत संयन्त्रको विकासगर्ने ।
- मितव्ययिता, श्रोत र साधनको उच्चतम उपयोग र पारदर्शीता तथा जवाफदेहिता कायम गरी वित्तिय प्रणालीलाई चुस्त दुरुस्त तुल्याउने ।

- तथ्याङ्क व्यवस्थापन तथा अभिलेख प्रणालीलाई सूचना प्रविधी मैत्री तथा पहुँच योग्य तुल्याउने ।
- विकास साझेदारीहरू सँग हातेमाला गर्न साझेदारी मैत्री नीति अबलम्बन गर्ने ।
- नियम, कानून तथा विधि र पक्रियाहरूकोकार्यान्वयन सुनिश्चित गर्ने ।

**४.२ स्थानीय सरकारका क्षमता विकास योजना** (**अनुसूची** ७)

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार नगरपालिकाका कर्मचारी तथा प्रतिनिधि तथा वडा सचिवहरु लगायत र सरोकारवालाहरु लाइ एक दिन अनुशिक्षण पश्चात दिग्दर्शनको अनुसूची २ देखी ५ सम्मका फारमहरु प्रयोग गरी लेखाजोखा गन पर्नेमा कोभिड १९ का कारण लामो समयको निषेधाज्ञा भएर ठूलो समूहमा भौतिक रुपमा उपस्थित भएर लेखाजोखा गर्न असहज परिस्थिति भएको हुँदा साना समूह छलफलका आधारमा तालिका ४.१ अनुसारको योजना तयार गरिएको छ ।

**४.३ मानव संसाधन विकास एक परिचय**

मानव संसाधनका क्षमता विकास भनेको नगर तथा नगरपालिकाको खर्च नभइ लगानी र कार्य क्षमता वृद्धि दुवै हो । त्यसैले ज्ञान र सीपले संस्थालाइ चलायमान बनाउँदछ । सामान्यतया मानव संशाधन विकास भनेकासंस्थामा कार्यरत कर्मचारी तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारका व्यक्तिगत र संस्थागत सीप, ज्ञानर क्षमता किासका संरचना हो । यसले मानव संसाधन विकासका लागि तालिम, अभिमुखिकण, अध्ययन अवलोकन गोष्ठी, अन्तरक्रिया, छलफल आदि मात्र नभएर संगठनमा आवद्ध कर्मचारी तथा प्रतिनिधि, संस्थाका आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति समेत भएका हुँदा यो क्षमता विकास योजना बनाउँदा वर्तमानमा भएको जनशक्तिका विद्यमान क्षमताका मूल्यांकन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति तथा योजनाका तर्जुमा गरिएको छ। अध्ययनको कममा पालिकका कर्मचारीसँग दुवै व्यक्तिगत र समूहगत रुपमा कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र दक्षता तथा उनिहरुमा रहेको विद्यमान ज्ञान, सीप र दक्षता बीचका अन्तर सम्वन्ध पहिचान गरी प्राप्त भएका सूचनाहरूकोअध्ययन तथा विश्लेषण गरी मानव संशाधन विकासका लागी गर्नुपर्ने कार्यहरूको पहिचान गरी योजना बनाईएको छ ।

## तालिका नं. ४.१ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाका ढाँचा (अनुसूची ७ मा आधारित)

| क्षमता विकासका कार्यक्रमहरु | एकाइ | परिणाम | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट | | | | लागत बेहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८।७९ | २०७९।८० | २०८०।८१ | जम्मा | २०७८।७९ | २०७९।८० | २०८०।८१ | आन्तरीक | बाह्य |
| १. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | | | | | | | | | | | | |
| वडा कार्यालय व्यवस्थापन | संख्या | ९ | प्रशासन शाखा | ३ | ३ | ३ | ९ | ९००००० | ९००००० | ९००००० | | १,५०,००,००० |
| सबै वडा कार्यालयहरुमा प्रविधिमैत्री भवन निर्माण | संख्या | ९ | नगरपालिका | १ | २ | २ | ५ | ४०,००००० | ८०,००००० | ८०,००००० | | २००,००००० |
| प्रशासन, राजश्व, योजना तथा अनुगमन र प्राविधिक शाखाको लागि आवस्यक Software and equipment खरिद | संख्या | | प्रशासन | | | | | ५००००० | ५००००० | ५००००० | १५,००००० | |
| **जम्मा भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित रु** | | | | | | | | **५४००००००** | **१७५०००००** | **१७५०००००** | **१५,०००००** | **३५०,०००००** |
| २. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | | | | | | | | | | | | |
| मध्यावधि खर्च संरचना योजनाको तयारी | संख्या | १ | प्रशासन | १ | ० | ० | २ | २०,००,००० | | ० | १०,००,००० | १०,००,००० |
| क्षेत्रगत योजना तयारी | संख्या | ५ | विषयगत | १ | २ | २ | ५ | १०,००,००० | २०,००,००० | २०,००,००० | ३०००००० | २०००००० |
| कानून अध्यावधिक तथा नीति निर्माण | संख्या | | विधान समिति | नियमित | नियमित | नियमित | | २००००० | २००००० | २००००० | ६००००० | |
| राजस्व सुधार योजना | संख्या | १ | आर्थिक प्रशासन | १ | १ | | २ | ५००००० | ५००००० | ० | १०००००० | ० |
| **जम्मा नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित रु** | | | | | | | | **३७०००००** | **२७०००००** | **२२०००००** | **५६०००००** | **३००००००** |
| ३ मानव संसाधन प्राप्तिसँग सम्बन्धित | | | | | | | | | | | | |
| कृषि प्रविधिक लाई एक पटकका लागि टुल किट र औषधि सहयोग | संख्या | ४५ | ९ | १५ | १५ | १५ | ४५ | ४००००० | ४००००० | ४००००० | १२००००० | ० |
| ग्रामिण पशुपविधि लाई एक पटकका लागि टुल किट र औषधि सहयोग | संख्या | ४५ | ९ | १५ | १५ | १५ | ४५ | ४००००० | ४००००० | ४००००० | | १२००००० |
| खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ता लाइ लागि औजार सहयोग | संख्या | ४५ | ९ | १५ | १५ | १५ | ४५ | ४००००० | ४००००० | ४००००० | १२००००० | ० |
| **जम्मा मानव संशाधन प्राप्तिसँग सम्बन्धित रु** | | | | | | | | **१२०००००** | **१२०००००** | **१२०००००** | **२४०००००** | **१२०००००** |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | | | | | | | | | | | | |
| कार्य सम्पादन, मुलयाङ्कन तथा प्रतिवेदन तयार र मापदण्ड निर्धारण सम्बन्धि कार्यशाला | पटक | १ | योजना तथा अनुगमन र प्रशासन शाखा | ० | १ | ० | १ | ० | २००००० | ० | २००००० | ० |
| संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि अन्तरक्रिया/ छलफल | संख्या | ६ | प्रशासन | २ | २ | २ | ६ | ५०००० | ५०००० | ५०००० | १५०००० | ० |
| नगरपालिका र बिकास साझेदारहरु बिच अन्तरकृया | कार्यक्रम संख्या | ८ | नगरपालिका र कार्यपालिका | २ | ३ | ३ | ८ | १००००० | १००००० | १००००० | ३००००० | ० |
| तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित जम्मा | १५०००० | ३५०,००० | १५०००० | ६५०,००० | ० | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | ११,८००,००० | २१,७५०,००० | २१,२५०,००० | ५४८०००० | ३८२००००० |

## ४.४ स्थानीय सरकारको मानव संसधन विकास योजना (अनुसूची १०)

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार नगरपालिकाका कर्मचारी तथा प्रतिनिधि, वडा सचिवहरुर सरोकारवालाहरु लाइ एक दिन अनुशिक्षण पश्चात दिग्दर्शनका अनुसूची ८ र ९ का फारमहरु प्रयोग गरी लेखाजोखा गनु पर्नेमा कोभिड-१९ का कारण लामा समयको निवेधाज्ञा भएर ठूलो समूहमा भौतिक रुपमा उपस्थित भएर लेखाजोखा गन असहज परिस्थिति भएका हुँदा सानो साना समूह र शाखागत कर्मचारीहरुसँग छलफलका आधारमा तालिका ४.२ अनुसारको योजना तयार गरिएको छ ।

| मनव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउन प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८।७९ | २०७९।८० | २०८०।८१ | जम्मा | २०७८।७९ | २०७९।८० | २०८०।८१ | आन्तरीक | बाहृय |
| १.निर्वाचित पदाधिकारीहरूका लागि क्षमता विकास कार्यहरु | | | | | | | | | | | | |
| नगर तथा वडा सभा व्यवस्थापन सम्बन्धि अभिमुखीकरण | नगर तथा वडा सभा र बैठक हरु व्यवस्थित हुने | नगर तथा वडा सभा र बैठक हरु व्यवस्थित भएको हुने | प्रशासन | १ | | | १ | ३००००० | | | ३००००० | |
| जनप्रतिनिधिहरुाई स्थानीय तहका योजना तर्जुमा सम्बन्धि तालिम | योजना तर्जुमाका ज्ञान | योजना तर्जुमा चुस्त हुँने | योजना शाखा | १ | १ | ० | २ | २००००० | २००००० | ० | ४००००० | |
| आवाधिक योजना तथा क्षेत्रगत योजना वारे अनुशिक्षण | आवधिक योजनाको महत्व र ज्ञान | योजना निर्माणम सहयोग | प्रशास न शाखा र योजना शाखा | १ | | | १ | १००००० | | | १००००० | |
| अनुगमन तथा मुल्याङकन तालिम | अनुगमन तथा मूल्याँकन को ज्ञान अभिवृद्धी | योजना प्रभावकारी हुने | प्रशासन शाखा, योजना शाखा | १ | १ | | २ | ३००००० | | | ३००००० | |
| लैंगिक समानता र सामाजिक समावेशिकरण तालिम | GESI बारे संवे दनशिलता आउँने | समावे सी विकास हुँने। | प्रशासन प्रमुख र महिला बालबालिका शाखा | १ | १ | ० | २ | ३००००० | ३००००० | | | ६००००० |
| सामुदायिक मध्ययस्थता | मेलमिलापमा बृद्धि | स्थानिय स्तरमा | प्रशासन | १ | ० | ० | १ | ५००००० | ० | ० | ५००००० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तालिम ( ४८ घन्टे) | | न्याय सम्पदन हुन | शाखा, न्यायिक समिति | | | | | | | | | |
| सार्वजनिक र सामाजिक उत्तरदायित्व जवाफदेहिताका अवधारणा, औजारहरू वारे अभिमखिकरण | उत्तरदायित्वका संवेदनशिलता बढन | सार्वजकि जवाफदेहितामा सुधार हुँने | प्रशासन शाखा | | | १ | १ | | ३००००० | | ३००००० | |
| कर तथा राजस्व वारे प्रशिक्षण | राजस्वमा वृदी | आन्तिरिक आय वढ्ने | राजस्व शाखा | १ | | १ | २ | १००००० | | १००००० | २००००० | |
| **जम्मा निर्वाचित पदाधिकारीहरूका लागि क्षमता विकास कार्यहरु** | | | | | | | | **१८०००००** | **८०००००** | **१ ० ००० ०** | **१९०००००** | **६०००००** |
| **२. समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | | |
| उपभोक्ता समिती लाई योजना सन्चालन अभिमुखिकरण | योजना सन्चान प्रकृयामा एकरुपता | योजना प्रभावकारी हुन | योजना शाखा | ९ | ९ | ९ | २७ | ४५०,००० | ४५०,००० | ४५०,००० | ३,५०,००० | |
| विषयगत समितिहरुलाइ उनिहरुका काम, कर्तव्य र जिम्मेवारी बार प्रशिक्षण | जिममेवारी प्रष्ट हुँने | जिम्मेवारी निर्वाह हुँने। | योजना शाखा | १ | १ | १ | ३ | १००००० | १००००० | १००००० | ३००००० | |
| राजस्व तथा लेखा समन्धि तालिम | जिममेवारी प्र ष्ट हुँने | जिम्मेवारी निर्वाह हुँने। | योजना शाखा | १ | १ | १ | ३ | १००००० | १००००० | १००००० | ३००००० | |
| **जम्मा समिति, उपसमितिहरूका लागि खर्च** | | | | | | | | **६५००००** | **६५००००** | **६५००००** | **१९५००००** | |
| **३. कर्मचारीहरूका लागि** | | | | | | | | | | | | |
| क्षेत्रगत आवधिक योजना कार्यान्वयन रणनीतिका बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | क्षेत्रगत स्थानीय विकास योजना बनाउँन र समस्या समाधान गर्न | समस्या पहिचा र त्यसका उचित समा धान खोज्न सहज | प्रशासन शाखा | | २ | | २ | | २००००० | | २००००० | |
| बालअधिकार, बालसंरक्षण, लैससास सम्बन्धि तालिम | विषय वस्तुको ज्ञा | बालसंर क्षणका बारेमा ज्ञान अभि वृद्धी | प्रशासन शाखा | १ | | १ | २ | ३००००० | | ३००००० | ३००००० | ३००००० |
| दिगो विकासका लक्ष्यहरुका स्थानियकरण सम्वन्धि तालीम | विषय वस्तुको ज्ञा | योजना व्यवस्थित हुन | प्रशासन शाखा | | १ | | १ | | २५०००० | | २५०००० | |
| खरिद व्यवस्थापन, GIS तथा प्राविधिक त | बोलपत्र अहावन, सार्वजनिक खरिदका ज्ञान | बोलपत्र अहावन र खरिद प्रक्रिया गर्नमा सहजता | प्राविधिक शाखा | ० | १ | | १ | ४००००० | २००००० | | ६००००० | |
| स्थानीय शासन सम्बन्धी नीतिनियम, सार्वजनिक प्रशासन बा र वडा सचिवहरु तथा कर्मचारी लाई प्रशिक्षण | सुशासन सहितका सेवा प्रवाहका ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजत | प्रशासन शाखा | ० | १ | | १ | ० | २००००० | ० | २०००० | |
| अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे योजना शाखा, प्रविधिक शाखाका कर्मचारी र वडा सचिवहरु | योजना तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याँकन बारे ज्ञान प्राप्त हुँन | योजना प्रभावकारी हुन | प्रशासन शाखा, योजना शाखा पूर्वाधार विकास शाखा | १ | ० | ० | १ | ३००००० | | ० | ३००००० | |
| लैंगिक समानता र सामाजिक समा | लैंगिक समानता र सामाजिक | समावेशी विकास हुँने। | प्रशासन | ३ | ० | ० | ३ | ३००००० | ० | ० | ३००००० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वेशीकरण बार पालिकाका क र्मचारी र वडा सचिवहरु लाई अभिमुखिकरण । | समावेशीकरण बार | | | | | | | | | | | |
| सार्वजनिक खरीद व्यवस्थापन बारे अभिमुखिकरण | खरदलाइ व्यवस्थीत गर्न | सरकारी सम्पत्ती को व्यवस्थापन र आर्थिक पारदर्शिता | प्र.प्र.अ., प्रशासन प्रमुखका सहयोगमा | ० | १ | ० | १ | ० | १००००० | ० | १००००० | |
| सूचना प्रविधि, अभिलेख व्यवस्थापन तथा ज्ञान व्यवस्थापन बारे नगर पालिकाका, विषयगत शाखाका कर्मचारी र वडा कार्यालयका कर्मचारी लाइ | प्राविधिक ज्ञान हासिल गर्न | कार्यहरु प्रविधि मैत्री हुँन | प्रशासन | १ | १ | ० | २ | १५०००० | १५०००० | ० | ३००००० | |
| सेवाकालिन तथा प्रवेश तालिम | विषयगत क्षेत्रको ज्ञान | कार्य सम्पदानमा सहजता | प्रशासन | नियमित | नियमित | नियमित | नियमित | ३००००० | ३००००० | ३००००० | ९००००० | |
| कार्यालय व्यवस्थापन तालिम | जिम्मेवारी अनुकुलका ज्ञाँन हाशिल हुँने | जिम्मेवारी राम्रो सँग बहन हुँने | प्रशासन शाखा | नियमित | नियमित | नियमित | नियमित | २००००० | २००००० | २००००० | | ६०००००० |
| **जम्मा कर्मचारीका लागि रु** | | | | | | | | **१९५००००** | **१६०००००** | **८०००००** | **२३०००००** | **१८५००००** |
| **४. सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | | |
| कृषी तथा पशु साखाको क्षमता विकास तथा समुदाय लााइ आवस्यक तालिमहरु | स्थानीय सेवा बजारका विकास | कृषकलाई घरदेलो सेवामा पहुँच | वडा कार्यालय कृषि शाखा | नियमित | नियमित | नियमित | नियमित | ८००००० | ८००००० | ८००००० | २४०००००० | |
| | स्थानीय सेवा बजारका विकास | खानेपानी सेवहरु निरन्तर सुचारु हुँने | वडा कार्यालय स्वास्थ्य शाखा | ९ | ९ | ९ | २७ | ० | ४००००० | | ४००००० | |
| तालिम शिक्षा शाखा | | | समन्धित शाखा | | | | | १२००००० | १२००००० | १२००००० | २०००००० | १६०००० |
| तालिम स्वास्थ्य शाखा | | | समन्धित शाखा | | | | | १५००००० | १५००००० | १५००००० | ३०००००० | १५००००० |
| तालिम विविध | | | समन्धित शाखा | | | | | १०००००० | १०००००० | १०००००० | ३०००००० | |
| **जम्मा सेवाग्राही लक्षित क्षमता विकासका लागि रु** | | | | | | | | **४५०००००** | **४९०००००** | **४५०००००** | **११३०००००** | **२६०००००** |
| **कूल जम्मा मानव संसाधन विकासका लागि रु.** | | | | | | | | **८९०००००** | **७९५००००** | **६९५००००** | **१८७५००००** | **५०५००००** |

## खर्च सारांस

सामान्यतया संस्थागत क्षमता विकासका लागी नगरपालिकाले व्यहोर्न सक्ने स्रोतका बिश्लेषण गर्दा निम्न अनुसार हुँन आउँन देखिन्छ,

### तालिका नं. ४.३ संस्थागत क्षमता विकासका खर्च साराँस

| सि.नं | संस्थागत क्षमता विकासका क्षेत्र | जम्मा लागत रु | चालु खच बाट रु च | चालु खर्च पतिशत | बाह्य स्रोतका अपेक्षा रु | बाह्य श्रोतका आपेक्षा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | भौतिक स्रोत साधन व्यवस्थापनसग सम्बन्धित | ३६,५००,००० | १,५००,००० | ४.११ | ३५,०००,००० | ९५.८९ |
| २ | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग | ८,६००,००० | ५,६००,००० | ६५.११ | ३,०००,००० | ३४.८९ |
| ३ | मानव संशाधन प्राप्तिसँग सम्बन्धित | ३,६००,००० | २,४००,००० | ६६.६६ | १,२००,००० | ३३.३३ |
| ४ | तालिम, गोष्ठी, अध्ययन, अनसन्धानसग सम्बन्धित | ६५०,००० | ६५०,००० | १०० | ० | ० |
| जम्मा | | ४८,३५०,००० | १०,१५०,००० | २१ | ३८,२००,००० | ७९ |

### तालिका ४.४ मानव संसाधन विकासका लागि खर्चको साराशं

| सि.नं | मानव संसाधन विकासका क्षेत्र | जम्मा लागत रु | चालु खच बाट रु च | चालु खर्च पतिशत | बाह्य स्रोतका अपेक्षा रु | बाह्य श्रोतका आपेक्षा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | निर्वाचित पदाधिकारीहरूका लागि | २,५००,००० | १,९००,००० | ७६ | ६००,००० | २५ |
| २ | समिति, उपसमितिहरूका लागि | १,९५०,००० | १,९५०,००० | १०० | ० | ० |
| ३ | कर्मचारीहरूका लागि | ४१५०,००० | २३,०००,००० | ५५.४२ | १,८५०,००० | ४४.५८ |
| ४ | सेवाग्राही लक्षित क्षमता विकास | १३,९००,००० | ११,३००,००० | ८१.२९ | २,६००,००० | १८.७१ |
| जम्मा | | २३,८००,००० | १८,७५०,००० | ७८.७८ | ५,०५०,००० | २१.२२ |

यी माथिका दुबै संस्थागत क्षमता विकास र मानव संसाधन विकासका लागी कूल रु ७ करोड १८ लाख ५० हजार खर्चहरन आउने देखिन्छ । जुन नगरपालिकाको क्षमता भन्दा धेरैमाथि हुन्छ । क्षमता विकासमा लागी नगरपालिकाले आफ्नो क्षमताले नपुग्ने भएको हुँदा सेवा र स्रोतका संभावना भएका सरोकारवालाहरुका खोजि गर्न शिलशिलामा दिग्दर्शका अनुसूची ६ अनुसारको क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू विश्लेषण गर्नु आवश्यक रहेको छ ।

तालिका ४.३ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू (अनुसूची ६ सँग सम्बन्धित)

| तालिम दिने अधिकारी | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्रहरु | सम्भावित भूमिका |
|---|---|---|
| प्र.प्र. अधिकृत | स्थानीय शासन ऐन, नियम तथा कार्य प्रणालीका बारेमा अभिमुखीकरण | स्रोतव्यक्ति र सहजकर्ता |
| लेखाशाखा प्रमुख | लेखा व्यवस्थापन, खरिद योजना, लेखा प्रणाली | प्रशिक्षक तथा सहजकर्ता |
| पशु स्वास्थ्य विज्ञ | पशु स्वास्थ्य तथा व्यवस्थापन सम्बन्धि तालिम | स्रोतव्यक्ति र सहजकता |
| स्वास्थ्य अधिकृत | स्वास्थ्य सम्बन्धि अहेब, अनमी, म.स्वा.स्य.से.लाइ जनस्वास्थ्य सम्बन्धि तालिम | स्रोतव्यक्ति र सहजकता |
| शिक्षा शाखा प्रमुख | विद्यालय व्यवस्थापन तथा सिकाइ उपलब्धि सम्बन्धि तालिम | स्रोतव्यक्ति र सहजकता |
| स्थानीय शाशन विज्ञ | मध्यावधि खर्च संरचना, गुरुयोजना, विषय व्यवस्थापन योजना आदीमा सहजीकरण | विज्ञका रुपमा कार्य सम्पादन |
| पुर्वाधार शाखा प्रमुख | पूर्वाधार शाखाका कर्मचारीहरुका लागि | विज्ञका रुपमा कार्य सम्पादन |
| जिल्लाका विषयगत शाखा प्रमुखहरु प्राविधिक | पेशागत क्षमता अभिबृद्धि तालिम | विज्ञका रुपमा कार्य सम्पादन |
| GIS Export | भू उपयोग गुरुयोजना | विज्ञका रुपमा कार्य सम्पादन |
| जिल्ला स्तरका कानुन व्यवसायीहरु | ऐन, नियम निर्देशिका निर्माण | विज्ञका रुपमा कार्य सम्पादन |
| सूचना अधिकृत | पलिकाका सूचना प्रणाली र सञ्जाल सप्टवेयर प्रणालीमा सहजीकरण गर्ने | विज्ञका रुपमा कार्य सम्पादन |
| शिक्षाशास्त्रीहरु | विद्यालय सुधार योजना, स्थानीय पाठ्यक्रम निर्माण। विद्यालय व्यवस्थापन सीप, गुणस्तरीय शिक्षा | विज्ञका रुपमा कार्य सम्पादन |

# भाग ५: क्षमता विकास योजना कार्यान्वयन रणनीति र प्रथम वर्षको योजना

## ५.१ पृष्ठभूमि

नेपालका सबै स्थानीय तहहरु नगरिकका घरदैलोका सरकार हुन र यिनलाई नेपालका संविधान २०७२ ल प्रसस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । तर नगरिकका जीवनस्तर सुधारका लागि यी अधिकारहरु उपयोग गर्न सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, संरचनागत रुपमा व्यापक र मानवसंसाधनका रुपमा पयाप्त र ज्ञान, सीप र क्षमता युक्त हुनु जरुरी छ । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिका कुशल रूपमा सम्पादन हुन्छन भन्ने कुरा स्थानीय सरकारका भौतिक अवस्था तथा विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीको ज्ञान, सीप र क्षमतामा भर पर्दछ । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयत गन केहि निश्चित रणनीति कार्यविधि अवलम्बन गरिनेछ जा तल दिईएको छ ।

## ५.२ उद्देश्य

पालिकाका २०७८ असारमा तयार भएको तिन वर्षिय क्षमता विकास योजना र अगामाी वर्षहरुमा तयार हुने तथा भएका क्षमता विकासका कार्यक्रमहरु सफल र नतिजामूलक कार्यान्वयन गर्न मद्दत पुऱ्याउन हो ।

## ५.३ कार्य क्षेत्र

नगरपालिकाको क्षमता विकासको कार्यक्षेत्र व्यापक छ । खास गरी योजनामा निर्दिष्ट भएका क्षमता विकासका कार्यहरु सम्पादन गर्न दुइ भागमा प्रस्तुत गरिएका योजनाहरुलाइ कार्यान्वयन गन हो ।

**क. संस्थागत क्षमता विकास**

- भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित
- नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित
- मानव संशाधन प्राप्तिसँग सम्बन्धित
- तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित

**ख. मानव संसाधन विकासमा तालिम, गोष्ठि, सेमिनार, अवलोकन भ्रमण, अन्तरकृया आदि**

- निर्वाचित पदाधिकारीहरूको क्षमता विकास
- विभिन्न समिति, उपसमिति, टोल सुधार समितीहरूको क्षमता विकास
- पालिकाका कर्मचारीहरूको क्षमता विकास
- सेवाग्राही लक्षित क्षमता विकास

- साझेदारहरुका क्षमता विकास

यी माथिका दुव क्षेत्रका कार्यहरु सम्पादन गर्न तल उल्लेखित चार चरणका कार्यहरु गरिनेछः

**चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता**

- क्षमता विकास योजना कार्यपालिका मार्फत नगरसभाबाट पारित गराउने
- योजना कार्यान्वयनका लागि स्रोतका बजेट सुनिश्चित गर्ने ।

**चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिका पहिचन, लागत र कार्य संझौता**

- क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने ।
- मानव संसाधनका ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान गरि कार्ययोजना वनाउने ।
- संस्थागत तथा मानव संसाधन विकासलाइ निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी गर्ने
- संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता गर्ने ।

**चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण**

- आवश्यक मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने ।
- संस्थागत संरचना भित्रका तथा समुदाय स्तरको मानव संसाधनका क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामाग्री व्यवस्थापन गर्ने ।
- तालिम, गोष्ठि, अभिमखिकरण, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण गर्ने

**चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक**

- क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने
- क्षमता विकास बाट आएका परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएका सुधार बारे अध्ययन गराउने

## ५.४ योजना कार्यान्वयनको रणनीति

### ५.४.१ पालिकाबाट योजनाका समित्व ग्रहणः

यो योजना पालिकाको जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा तयार भएको हुदा यसको

स्वामित्व महाकाली नगरपालिकाले ग्रहण गर्दछ ।

**५.४.२ क्षमता विकास योजना कार्यान्वयनका लागि कायविधि तयारीः**

यो योजना कार्यन्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि बनाईनेछ ।

**५.४.३ बजेट सुनिश्चित गर्नेः**

यो योजना कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्न पालिकाले संस्थात विकास र मानव संशाधन विकासका लागि वार्षिक चालु खर्चबाट क्षमता विकासयोजनामा योजना गरिएका क्षमता अभिवृद्धीका कार्यक्रम कार्यान्व्यनका लागि बजेट पालिकाले विनियोजन गर्ने छ ।

**५.४.४ निर्वाचत पदाधिकारी लाई अनिवार्य अनुशिक्षणः**

हाल निर्वाचित प्रतिनिधिहरुलाई पालिकाका एकल तथा साझा अधिकारहरु, तिनिहरुका प्रयोग, संघिय कानुनले प्रदान गरेका कार्यहरु र ऐन नियम र प्रतिनिधिहरुका काय जिम्मेवारी बारे अनुशिक्षण प्रदान गरिन छ ।

**५.४.५ सम्पर्क व्यक्तिको व्यवस्थाः**

क्षमता विकास योजना कार्यान्वयनकालागी समन्वय समितिकोव्यवस्था गरिएकोछ र योजनामा अतिरिक्त व्यक्तिहरुलाइ पनि जिम्मेवारी प्रधान गरि योजनाका संवेदनशिलतालाइ ध्यानमा राखी यसका समग्र प्रशासनिक जटिलताहरुको व्यवस्थापन, कार्य योजना अनुसारका कार्यहरु चलायमान बनाउन र भएका कार्यहरुको दस्ताबेज सहितको व्यवस्था तथा योजना कार्यान्वयनको अनुगमन, मूल्याँकलन तथा प्रतिवेदनका लागी नगरपालिकाले फोकल पर्षनको व्यवस्था गर्ने छ ।

**५.४.६ संस्थागत संरचनामा सुधारः**

संस्थागत क्षमता भनेका संस्थाको भौतिक स्रोत साधन, ऐन, नियम, विधि तथा प्रणाली, आवश्यक मात्रामा मानव संसाधन व्यवस्था र मानव संसाधनका क्षमता विकास पर्न जाने हुँदा योक्षमता विकास योजना तयार गर्दा माथि भनिए झै सर्वप्रथम संस्थागत संरचनाका सुधार गर्न प्राथमिकता दिईनेछ ।

**५.४.७ मानव संससाधनका विकासः**

संस्थागत संचरना जतिसुकै चुस्त भए पनि यदि त्यसको उपयोग गर्ने क्षमता संस्थागत संरचना भित्र भएन भने विकास व्यवस्थापन, सेवा प्रवाह र सुशासनमा असर पर्दछ । तसर्थ क्षमता विकासका दोस्रोप्राथमिकतास्वरुप मानव संसाधनको विकासलाइ अगाडी बढाईने छ । अर्थात संस्थागत स्रोत विकास र मानव संसाधन विकास संग संगै लगिने छ ।

**५.४.८ सेवा बजारहरुमा क्षमता उपयोगको दायरा बिस्तारः**

संस्थागत क्षमता विकास लाइ व्यक्तिका ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका

साथैसमग संस्था र प्रणालीकोकार्य दक्षता र प्रभावकारिता वृद्धि गर्न उपायोग गरिन्छ । तसर्थ नगरतथा नगरपालिकाल आफना सेवाहरु पालिका भित्रका मानव स्रोत संग मात्र भर पर्दा सेवा प्रवाहका दायरा सीमित भएर जनताका आवश्यक न्युनतम सेवाहरुमा शंकुचन आउँछ। तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा नगर तथा नगरपालिका भित्रका नेतृत्व तह तथा कर्मचारी मात्र नभएर जनता लाई आवश्यक परेका हरेक सेवाहरुका लागी स्थानीय सरोकारवालाहरु वा निजि क्षेत्र तथा समुदायलाइ समेत समेटिनेछ ।

## ५.५ कार्यान्वयनका सिद्धान्तहरु

### ५.५.१ बिभेद शुन्य:

संस्था भित्र वा संसथा बाहिरका सरोकारवालाहरु र समुदाय स्तरका सेवा समुदाय स्तर बाट भन्ने मान्यता अनुसार मानव संसाधनको क्षमता विकास गर्दा नेर्तत्व, सानोवा ठूलोकर्मचारी वासमुदाय सदस्यमा कुनैभेदभाव गरिन छैन ।

### ५.५.२ पारदर्शिता:

यो योजना कार्यान्वयन पूर्ण पारदर्शि ढंगबाट संचालन हुँनेछ र हाम्रा गराई, प्रकृया र खर्चहरु नगरतथा नगरपालिकाका को सार्वजनिक खरिद ऐनको दायरा तथा जवफदेहिताका औजारको पुर्ण पालना रहने छ ।

### ५.५.३ समन्वय र सहकार्य:

यो योजना कार्यान्वयन गर्दा नगर तथा नगरपालिका एक्लै अगाडी नबढि विभिन्न सरमेकारवाला, सेवा प्रदायक तथा स्रोत दाताहरु संगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

### ५.५.४ योगदानमा आधारित कार्यक्रम:

यो क्षमता विकास सहभागिता र सहकार्यतामाा सन्चालन गरिने छ ।

## ५.६ कार्यान्वयन तालिका प्रथम वर्ष

यो क्षमता विकास योजनाका कार्यान्वयन एकल प्रयासबाट संभव हुँदैन । यसमा सबै सरोकारवाला, विषयगत कार्यालयहरु, नगरपालिका भित्रका विषयगत शाखा तथा उपशाखाहरु समेत तथा निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलहरुका जिम्मेवारी हुन्छ । यो क्षमता विकास योजनाका मूल कार्यहरुका लागि निम्न जिम्मेवारी बहनका अपेक्षा गरिएको छ ।

## आगामी आ.व. २०७९/८० को कार्ययोजन

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिबिधि | प्रथम त्रैमासिक | दास्रो त्रैमासिक | तेस्रा त्रैमासिक | चौथा त्रैमासिक | मूल जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता** | | | | | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत नगर सभाबाट पारित गराउनु । | ■ | | | | क्षमता विकास समन्वय समिती र प्र.प्र अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि कार्यान्वयनका लागि आन्तरिक स्रोतका बजेट सुनिश्चित गर्न । | ■ | | | | क्षमता विकास समन्वय समिती र प्र.प्र अधिकृत |
| १.३ | बाहिरी सहयोगका खोजि र स्रोत पहिचान र सुनिश्चित गर्न । | ■ | | | | क्षमता विकास समन्वय समिती र प्र.प्र अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिका पहिचन, लागत र कार्यसंभौता** | | | | | | |
| २.१ | क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने । | | ■ | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.२ | मानव संसाधनका ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाका पहिचान । | ■ | ■ | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.३ | संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी | ■ | ■ | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्था सँग कार्य संभ्कौता | | ■ | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण** | | | | | | |
| ३.१ | थप मानव संसाधन व्यवस्थापनका लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने । | | ■ | ■ | | प्रमुख प्रशासकिय अधिकृत |
| ३.२ | संस्थागत संरचना भित्रका तथा समुदाय स्तरका मानव संसाधनका क्षमता विकासकोहकमा अवश्यक स्थान तथा सामाग्री व्यवस्थापन । | | ■ | ■ | | प्रमुख प्रशासकिय अधिकृत र प्रशासन प्रमुख । |
| ३.३ | तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण । | | ■ | ■ | | प्रशासन प्रमुख |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने । | | ■ | ■ | | प्रशासन प्रमुख |
| **चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक** | | | | | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनका नियमित अनुगमन र समिक्षा गर्ने । | | | | ■ | क्षमता विकास समन्वय समिति |
| ४.२ | क्षमता विकास योजनालाइ वार्षिक रुपमा अध्यावधिक गन गराउर्ने | | | | ■ | क्षमता विकास समन्वय समिति |
| ४.३ | क्षमता विकास बाट आएका परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएका सुधार बारे अध्ययन गराउँने । | | | | ■ | क्षमता विकास समन्वय समिति |

# भाग ६: कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

## ६.१ कार्यकम व्यवस्थापन

यस नगरपालिकाको क्षमता विकास योजना कार्यान्वयनको मूल जिम्मेवारी निम्न जिम्मेवारीका साथ क्षमता विकास समन्वय समितिले नगपालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख पशासकिय अधिकृत सँग को समन्वयमा क्षमता विकास समन्वय समितिमा रहने छ ।

**क्षमता विकास समन्वय समितिका जिम्मेवारी:**

➢ क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउनेर कार्यान्वयनका लागि बजेटकोसुनिश्चितता गर्ने ।

➢ क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,

➢ क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

➢ स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुर्ने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,

➢ समितिल सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमका अनुगमन गर्ने,

➢ कार्यक्रमका गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमका अनुगमन र समिक्षा गर्ने,

➢ क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,

➢ क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने,

➢ क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

## ६.२ योजना कार्यान्वयनका अनुगमन तथा मूल्याङ्कन

नगरपालिका स्थानीय तह संचालन ऐन २०७४ को परिधी भित्र रही कार्य गर्ने संस्था भएको हुँदा सोहि ऐनका परिधिमा रहि नगरपालिकाबाट आयोजना कार्यान्वयनका अनुगमन तथा मूल्याँकन गरिनेछ। यो क्षमता विकास योजनाका कार्यान्वयनबाट लक्षित उद्देश्य तथा सेवा प्रवाहमा भएका परिवर्तन कुन हद सम्म भयो वा भएन तथा अपक्षित नतिजा प्राप्त भए नभएकोबारेनिम्न अनुसार अनुगमन तथा मूल्याँकन गरिने छ ।

### ६.२.१ नियमित अनुगमन:

क्षमता विकास योजनाका कार्यान्वयन चरणमा नियमित अनुगमन गरिनेछ । कार्यान्वयन चरणमा योजनाका गतिविधिहरुको लागत, परिमाण, समय सीमा तथा गुणस्तर लगायत कायान्वयन चरणमा आइ

परेका समस्या तथा संभावित विकल्पहरु समेतका पहिचान गरी नगर कार्यपालिका लाई पृष्ठपोषण दिन या अनुगमन गरिनेछ । अनुगमनका जिम्मेवारी नगरपालिकाका मौजुदा अनुगमन तथा सुपरिवेक्षण समितिले क्षमता विकास योजना समन्वय समितिका सहकार्यमा गर्ने छ । योजना कार्यान्वयनका अनुगमन तथा सुपरिवेक्षण निम्न अनुसार गरिनेछ, योजनाका पत्येक वर्षका कायकम स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्बन्धित शाखाहरु बाट कार्यपालिकामा पेश भएको एकिकृत काय योजनाका आधारमा अनुगमन तथा सुपरिवेक्षण समितिल वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गन छ । अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमन प्रतिवेदन प्रत्यक २ महिनामा कार्यपालिका बैठकमा पेश गरी छलफल गरिनेछ । यसरी कार्यपालिकामा पेश भएर छलफल गर्दा योजना कार्यान्वयनमा त्रुटिहरु सच्याउँन तथा समय व्यवस्थापन र गुणस्तर कायमराख्न सम्बन्धित पक्षहरुलाई आवश्य निर्देशन दिईनेछ र यो मान्नु सबैका कर्तव्य हुँनेछ ।

**६.२.२ मध्यावधिक समिक्षाः**

यो क्षमता विकास योजनाले लिएको गति तथा समग कार्यान्वयनको अवस्थाका समिक्षा नगरपालिकाको आन्तरिक तरिकाले योजना सुरु भएको दोस्रो वर्षको अन्त्यमा क्षमता विकास योजना समन्वय समिति समेतको सहभागितामा संयुक्त कार्यदल बाट गराईने छ । यो समिक्षाबाट ३ वर्षमा सम्पन्न गर्नु पर्ने कार्यहरुको प्रगति मापन गरी आवश्यक परेक्षमता विकास योजनाका लक्ष्यहरुको समिक्षा गरी आवस्यक वजेट तथा कार्यक्रमको व्यवस्था गर्ने छ ।

**६.२.३ आयोजना कार्यन्वयन समाप्ति पछिका मूल्याङ्कन :**

यो ३ वर्षे क्षमता विकास योजनाले तय गरेका लक्ष्यहरु, स्रोत साधनको उपयोग, त्यसको तात्पर्यता, प्रभावकारिता, पारदर्शिता, योजनाको कार्यन्वयनबाट निक्लिएका नतिजाहरु तथा तिनिहरुका दिगोपनाका बारेमा यो योजनाका कार्य समाप्ती लगत्तै तेस्रो पक्षबाट मूल्याँकन गराईनेछ र यसका सिकाईहरुलाई आगामी वर्षहरुको लागी योजना तयार पारिने छ ।

**६.२.४ प्रभाव मूल्याङ्कन :**

यो क्षमता विकास योजनालेसमाज तथा समग्र नगरपालिकामा पारेको प्रभाव बारेमा योजना कार्यन्वयन समाप्तिको वर्ष तेस्रो पक्षबाट मूल्याङ्कन गरिने छ ।

## क्षमता विकास आवश्यकता पहिचानकालागी सन्दर्भ सामाग्री

- गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्वन्धित दिग्दर्शन
- नगरपालिकाका विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट
- नगरपालिकाको संगठन विस्लेसण
- नगरपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरू
- नगरपालिकाको स्व मूल्याङ्कन प्रतिवेदन,२०७७०७८
- नगरपालिकाको प्रगति प्रतिवेदनहरू
- नेपाल सरकारको नीति कार्यक्रम तथा बजेट
- प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेटहरू
- विषयक्षेत्रगत नीति, कानून तथा नमूना कानूनहरू
- विभिन्न परियोजनाहरूबाट सञ्चालित योजना तथा कार्यक्रमहरू
- संघ तथा प्रदेशबाट पारित गरिएका नयाँ अवधारणा तथा नीतिहरू आदि ।

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | मेलौली नगरपालिकाको क्षमता विकास योजना |
| **परामर्शदाता :** | ग्रामीण विकास मञ्च, शाहिलेक, वैतडी |
| **सहकार्य** : | प्रदेश तथा स्थानीय सरकार  सहयोग कार्यक्रम, प्रदेर् सुशासन केन्द्र, सुदुर पश्चिम प्रदेश |
| **मिति** : | २०७९ असार |